प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरु
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५४
नेपाल सम्वत् ११३०
इस्वी सम्वत् २०१०
बिक्रम सम्वत् २०६७


| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | वा सो भन्दा बढी | |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | १०/- |


DHARMAKIRTI

# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**
**26th JUNE 2010**

| वर्ष- २८ | अङ्क- २ | ज्याः पुन्हि | आषाढ २०६७ |
|---|---|---|---|


**आफ्नी जन्मदाता आमाको सेवा गर्नु सुखकर कार्य हो । आफ्ना जन्मदाता बुबाको सेवा गर्नु सुखकर कार्य हो । श्रमणत्त्व पनि सुखकर नै हो । यसरी नै (पाप रहित जीवन बिताउने) ब्राह्मणत्त्व पनि सुखकर नै हो ।**

**जीवनभर शील पालन गर्नु सुख हो । स्थिर रूपले श्रद्धाभाव राख्न सक्नु सुख हो । प्रज्ञा प्राप्त गर्न सक्नु पनि सुख नै हो । (यसरी नै) पाप कर्म नगर्नु नै सुखकर हो ।**

**आफूलाई काम परेको अवस्थामा उपकार गर्ने मित्र पाउनु सुखकर हो आफूसंग भएको सम्पत्तिमा सन्तोष मानी जीवन यापन गर्न सक्नु नै सुख हो । आफ्नो जीवन क्षय हुने अवस्थामा आफूले संचय गरिराखेको पूण्य कार्यको आधार पाउनु पनि सुख नै हो । परन्तु जति पनि दुःखहरू छन्, तिनीहरू सबै लाई नाश गर्न सकेको खण्डमा त्यो झन ठूलो सुखकर कार्य हुन जान्छ ।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# बुद्धको वैज्ञानिक विचार

नेपाल भगवान् बुद्धको जन्मभूमी हो । यस विषयमा नचाहिने बादविवाद गरिरहनु जालसाजीपूर्ण र मूर्खतापूर्ण कार्य मात्र ठहरिने छ । बुद्धले शान्तिका लागि धेरै राम्रा कुराहरू बताउनु भएको छ। ती ज्ञानवर्द्धक कुरालाई हामीले बुझ्नु परेको छ र अपनाउन सक्नु परेको छ। हामी बुद्ध जन्मभूमी नेपालमा जन्मेका व्यक्ति भन्दै आफूलाई भाग्यमानी ठानिरहनु र विवादमा अल्झिरहनु भन्दा पनि हामीले बुद्ध शिक्षा विषयमा सही जानकारी पाउन हतार भइसकेको छ । यो हामी सबैको कर्त्तव्य हो । भनिन्छ भगवान बुद्धले प्रचार गर्नुभएको धर्म वैज्ञानिक र नौलो कुरो हो । यसलाई हामीले चिन्तन मनन गरेर खोतलौं । उहाँको विचार कुन अर्थले बैज्ञानिक हुन पुग्यो, यसबारे अध्ययन गरौं ।

भगवान बुद्धले बताउनु भएको तीर्थायतन अंगुत्तर निकाय अनुसार बुद्धकालिन समयमा तीन प्रकारका विश्वास र मत भएका मानिसहरू थिए । ती मतहरूको विषयमा विज्ञहरूले छलफल गर्दा यी तीन मतहरू अकर्मण्य ठहरियो । अर्थात् बेमतलब र ब्यर्थको ठहरियो ।

ती ३ प्रकारका व्यर्थका मतहरू यसरी थिए–

(१) कोही व्यक्तिले जतिसुकै सुख दुःख अनुभव गरोस्, उ धनी, गरीब, चोर, जे सुकै भएपनि यो सबै इश्वरको लीला र उहाँकै कृपाले भइरहेको हो ।

(२) संसारमा जति पनि सुख, दुःख, धनी, गरीब, काटमार,चोरी र पीडा हुने गर्छ, यी सबै राम्रा नराम्रा घटनाहरूको पछाडि कुनै कारण हुँदैनन्, विना हेतु यी सबै घटनाहरू आफै हुने गर्छन् ।

(३) संसारमा जे जति घटनाहरू घटिरहेका छन्, जति पनि हामीले अनुभव गर्न परिरहेका छन्, ती सबै हामी आ-आफ्नै पूर्व जन्मका कर्मफल मात्र हुन् ।

भगवान बुद्धले माथि उल्लेखित मत भएका तीनवटै मतका ब्यक्तिहरू समक्ष पुगी उनीहरूको मत यस्तै हो त भनी सोध्नु भएको रहेछ । अनि ती व्यक्तिहरूले बिना रोक तोक उनीहरूको मत यही हो, र यो मत शत प्रतिशत ठीक रहेको राय व्यक्त गरेर पठाएका रहेछन् ।

त्यसपछि भगवान् बुद्धले उनीहरूसंग यस्तो प्रस्ताव राख्नु भएछ–

यदि सबै संसार ईश्वरले निर्माण गरेका हुन् र सबै ईश्वरकै लीला र कृपाले मात्र संसार चलिरहेको छ भने, संसारमा घटिरहेका राम्रा नराम्रा घटनाहरूको कुनै कारण नै छैन भने विना हेतुले सबै हुनुपर्ने भइरहेको छन् भने, संसारमा घटिरहेका सम्पूर्ण घटनाहरू पूर्व जन्मका कर्मफल मात्र हुन् भने समाजमा धर्मप्रचार गरी यो काम गर्नु योग्य र यो काम गर्नु अयोग्य भनी नैतिक शिक्षा सिकाउनु नै व्यर्थ हुने भयो । संसारमा विभिन्न थरीका असल र खराब मानिसहरू प्रशस्त छन् । हिंसा, चोरी, अब्रह्मचारी कार्य र भ्रष्टाचार, बलात्कार, झूठो बोल्ने, गफी, लोभी, क्रोधी र मिथ्यादृष्टिहरू जस्ता नराम्रा वानी व्यवहार भएका व्यक्तिहरूले नराम्रा काम गरी मानिसहरूलाई दुःख दिई अशान्ति मच्चाइरहेका छन् । ती खराव प्रवृत्तिका मानिसहरूको कार्य सबै इश्वरकै लीला, इश्वरकै कृपा हुनत ? ती सबै हुनुपर्ने कार्य भइरहेकै हुन र त्यसको कुनै हेतु र कारण नै छैन त ? फेरि ती खराब कार्यहरू सबै पूर्वजन्मकै फल मात्र भएकोले यसमा कसैको दोष छैन त ? यो हुनुपर्ने घटना नै घटिरहेको हुनाले यसलाई सुधार गर्न कुनै जरूरी र आवश्यकता नै छैन त ? समाज सुधार र धर्म प्रचार जस्ता कार्यको जरूरत नै भएन त्यसो भए ? असल मानिस बन्नुपर्छ, पाप कर्म गर्न हुन्न, अरूको भलो हुने काम गर्नुपर्छ, सेवाभाव हुनुपर्छ, एक अर्काप्रति कुभलो चिताई बदलालिने भावना राख्नु हुन्न एक आपसमा मैत्रीयुक्त भावना राख्नु पर्छ, आदि आदि जस्ता राम्रो सुझाव दिने कार्य नै व्यर्थको हुने भयो नि त्यसो भए आदि आदि प्रश्न भगवान् बुद्धले ती भ्रमपूर्ण मत वोकेका व्यक्तिहरू सामू राख्नु भएपछि ती व्यक्तिहरुले यसको उत्तर दिन नसकी नाजवाफ भएछन् ।

त्यसैले भगवान् बुद्धले आफ्ना शिष्य भिक्षुहरूलाई भन्नुभयो–

"हे भिक्षुहरू ! यी माथि उल्लेखित तीन प्रकारका मतहरूलाई मैले स्वीकार गरेको छैन । ती मतहरू अहित र अकर्मण्य छन् ।

हे भिक्षुहरू ! मैले बताएको चतुआर्यसत्य दुःख छ, दुःखको कारण छ, दुःख अन्त्य गर्न सकिन्छ र दुःख अन्त्य गर्ने बाटो छ । विषयमा जुन धर्म उपदेश दिएको छु, त्यसलाई कसैले नकार्न र तिरस्कार गर्न सक्दैन । किनभने यो प्राकृतिक सत्यतथ्य नियम हो । यसमा कुनै भ्रमपूर्ण जालसाजी लुकेको छैन । यो सत्य धर्म निर्मल र निर्दोष छ । सबैलाई लागु हुने र लागु भइरहेको यो नियमलाई सबैले बुझ्नु जरूरी छ ।

भिक्षु हो ! पृथ्वी धातु, जलधातु, अग्नि धातु, वायु धातु, आकाश धातु र विज्ञान (मन) धातु आदि गरी जम्मा छ वटा धातुहरू भएको यस संसारका स्त्रीलिङ्ग प्राणीहरूको शरीरमा गर्भ रहने सक्ने तत्त्वहरू जुरेको हुन्छ । जब गर्भ रहने हेतु यसलाई मिल्छ तब गर्भ रहन्छ । गर्भ रहनु भन्नु नै त्यसमा नाम र रूप (चित्त र शरीर) को संयोग हो । यसको कारणले त्यसमा ६ वटा आयतनहरू (आँखा, कान, नाक, जीब्रो, शरीर, र मन) को संयुक्त मिलन हुनेछ । ६ वटा आयतनहरूको मिलन भएपछि त्यहाँ फेरि स्पर्श, वेदना को पनि उदय भइहाल्छ । तर वेदनाबाट नाघ्नु नै दुःखको शुरूवाट हो भन्छु । यही दुःखको कारण हो । तर ज्ञानी र जान्ने व्यक्तिले यो दुःखलाई अन्त्य गर्न सक्छ । त्यो दुःख अन्त्य गर्ने ८ वटा वाटोहरू छन् । त्यसलाई आर्य अष्टाङ्गिक मार्ग भनिन्छ ।

यसरी दुःखको उदय हुनुको कारण र दुःख नाश गर्ने साधन समेत बताउनु हुने बुद्ध शिक्षा सर्वकालीन छ । यो शिक्षालाई जसले अभ्यास गर्छ, उसको हित हुनेछ । दुःखको कारण पत्ता लगाउन सके मात्र समस्या समाधान गर्न सकिनेछ । समस्या समाधान जब हुन्छ, तब साँचो शान्ति प्राप्त हुनेछ । त्यसैले भगवान् बुद्धको यो उपदेशले आधारहीन, अकर्मण्य, मतहरूले उब्जाएको भ्रमलाई हटाई दिने गरेको छ । सबैको हीतकारक बुद्ध शिक्षा र बुद्धको बिचार यसरी वैज्ञानिक भएको तथ्यको प्रमाण यही कुराले प्रष्टाउँछ ।



Downloaded from http://www.dhamma.digital

# संघ दर्शन

■ सत्यनारायण गोयन्का

राज्यश्रेष्ठि अनाथपिण्डिकको घरमा आज भगवानलाई निमन्त्रणा गरिएको थियो । कोशल देशका धनपति सुदत्त श्रेष्ठि अनाथपिण्डिकका ज्वाईं तथा पत्नीका भाइ थिए। सदुत्त आफ्नो ससुरालीको विशाल भवनको वाहिर भगवानको प्रतिक्षामा उत्सुकताका साथ उभिरहेको थियो। उनी उभीरहे को देखेर अनाथपिण्डिकले बरोबर भित्र गएर कोठामा केही क्षण आराम गर्नको लागि जोड दिइरहेका थिए । उनी एक दिन पूर्व मात्र राजगृह आइपुगेका थिए। रातमा राम्ररी सुत्न पनि पाएका थिएनन् । भगवान आइपुग्न केही समय बाँकी थियो, उहाँ आउनु भयो भने खबर गर्छु, त्यतिञ्जेल आराम गर्नुहोस् भनेर श्रेष्ठिले विन्ति गर्दै थिए ।

सुदत्तले मुस्कुराउँदै टाउको हल्लाए त्यही खम्बाको सहारामा उभिरहे। नगरश्रेष्ठिले द्धारपाललाई भित्रबाट एउटा चौकी ल्याउन इशारा गऱ्यो। चौकी माथि चकटी र त्यसका सेतो कपडा विछ्याई दियो। श्रेष्ठिको आग्रह अनुसार सुदत्त सेठ त्यसमा बसे तर उनको आँखा भने भगवान आउनुहुने मार्गमा नै केन्द्रित थियो । दक्षिण दिशाको ढोकाबाट नगर प्रवेश गरेर उहाँ त्यसै बाटोबाट आउनुहुने कार्यक्रम थियो। प्रतीक्षामा बसिरहेका सुदत्त सेठको मनमा तथागतको कल्याणी- वाणी गुञ्जिरहेको थियो। बार बार उनको चित्त र शरीरका खुसी छाउँथ्यो । मन हृदयवस्तुमा रह्यो भने उत्पाद-व्ययको सूक्ष्म कणहरू निरीक्षण गर्न थाल्थ्यो। यस अवस्थाको बोध गर्दा गर्दै विहान अनुभव गरेको एक अवस्थाको सम्झना आयो र विहान भगवानको वाणी सुन्दा सुन्दै यस सूक्ष्म अनित्यवोधको अनुभव निरूद्ध भएको थियो, थोरै क्षणको लागि भए पनि इन्द्रियातीत, तरंगातीत परम सत्यको साक्षात्कार भएको थियो। यस अनुभव पश्चात् मानौं अनेक जन्मको कर्म संस्कारको भारी बोझ निकाले जस्तो हलुका पन महसुस भएको थियो । यिनीहरु मलाई अहिले विश्राम गर्न भनिरहेछन् त्यस परम शान्तिको अनुभव पछि त मानौं श्रावस्ती देखि राजगृहको लामो यात्रा होइन अनेक जन्मको भवयात्राको थकाई मेटिएको जस्तो भयो । म कति हलुको मन महसुस गर्दैछु। म कति भाग्यशाली छु। त्यस क्षणिक अनुभवको मिठो स्मृतिले बार-बार मनमा सुखको लहर लहर इरहेको थियो ।

उनलाई खूद सम्झना छ। एक पहर अगाडिको घटना हो। सूर्योदय हुनु पूर्वको समय थियो, आकाशमा प्रकाश पनि छाएको थिएन। अँध्यारो प्रकाशमा उनले तथागतको दिव्य, भव्य रूपको दर्शन गरेका थिए । अब दिउँसोको सम्पूर्ण प्रकाशमा फेरि एक पटक उहाँको दर्शन हुनेछ। त्यस समयमा अलि टाढा धमिलो केहि मानवी आकृति घुमिरहेको देखिएको थियो । ती सबै भगवानका भिक्षु संघ थिए । त्यस समय उनीहरू सबैको दर्शन गर्न सकेको थिएन । अब भगवान सहीत सबैको आगमन हुँदैछ । सबैको एक साथ दर्शन हुनेछ ।

भगवानको भिक्षु संघको बारेमा नगर श्रेष्ठिले उनलाई जे जति बताएका थिए त्यसलाई सम्झेर उनको मन असीम श्रद्धाले भरपूर भयो। अहो, भगवानको भिक्षु संघ कति वर्णन गर्न योग्य छ, नमस्कार गर्न योग्य छ प्रणाम गर्न योग्य छ, वन्दना गर्न योग्य छ। अभिवादन गर्न योग्य छ। यस्तो आदर्श बुद्धप्रमुख भिक्षु संघको साक्षात दर्शन गर्नको लागि उस्को मन चंचल थियो। आँखामा असीम उत्सुकता छाएको थियो ।

उनलाई धेरै बेर पर्खिनु परेन । शीघ्र नै राजपथमा भगवान आईरहनु भएको देखियो । उहाँको पछि-पछि भगवानको जस्तै गेरू वस्त्र लगाएका भिक्षुहरूको लामो लाईन देखापऱ्यो । नगरश्रेष्ठिले उनलाई भनेका थिए कि भगवान कोहि दाताको घर अगाडि उभिएर 'भिक्षाम् देहि' भनेर भन्नुहुन्न। भिक्षाको लागि आएको भिक्षु पनि गृहस्थ्यको घर अगाडि आएर मौन पूर्वक केहि क्षण उभिन्छ। गृहपति अथवा गृहिणी बाहिर आएर पात्रमा भोजन राखिदिन्छ । मनै मन मंगल कामना गरेर अगाडि बढ्छ। कुनै घरबाट दान दिन आएन भने पनि त्यसै घरको निवासिहरूको मंगल कामना गरेर अगाडि बढ्दछ। तर यस्तो कमै मात्र हुन्छ। वास्तवमा गृहस्थहरू दान दिने प्रतीक्षा गरिरहन्छन् । ता कि यस्ता सन्तहरूलाई भोजन दान दिएर आफू असीम पूण्यलाभी हुनसकुन्। उनीहरू कसैको घर अगाडि भिक्षा पाउने आशाले उभिरहनु पर्दैन गृहस्थहरू पूण्यलाभी हुने अवसर पाउनको लागि पर्खिरहन्छन्। यसको तुलनामा अन्य गृहत्यागी व्यक्ति घर-घर पिच्छै भिक्षा पाउन कराउँछन्। "आमा दान दिनु, तिम्रो परिवार फलोस्-फुलोस्।" कुनै घरले दान दिएन भने 'कंजूसहरू एक पैसा दान दिन नसक्ने। यति धेरै सम्पत्तिको के तँ एक्लै मोज गर्छस्। तेरो यस्तो होस्, त्यस्तो होस् भनेर सराप्न थाल्छन्। सेठ सुदत्त सोचिरहेका थिए यदि साँच्चै यस्तै हो भने यी दुई प्रकारका गृहत्यागीहरू बीच कति धेरै भिन्नता छ ।

आज त बुद्ध प्रमुख भिक्षु संघ नगरश्रेष्ठको भोजनको लागि आमन्त्रित छ । त्यसैले घर पिच्छै रोक्नु आवश्यक थिएन । सबै जना एकनाशले नगरश्रेष्ठिको घर तर्फ लाग्दै थिए । सबैका आँखा सुकेको थियो । अन्य गृहत्यागीहरू शहरमा आए भने यता उता हेरेर कसले दान देला ताक्दै हिंड्छन् । भगवानको भिक्षु संघ भगवान झैं अगाडि दुई कदम अथवा चार कदम टाढा सम्म मात्र आफ्नो दृष्टि सीमित राख्दै विस्तारै हिंडिरहेछन्। एकजनाले पनि यताउता हेरेका



Downloaded from http://www.dhamma.digital

छैनन् । आपसमा कुराकानी पनि गरेका छैनन् । सबैजना मौन छन् ।

अन्य गृहत्यागीहरू भिक्षाटन गर्न नाच्दै-गाउँदै, डमरू-ढोल बजाएर अथवा ताली बजाउँदै जान्छन् । कोहि आपसमा कुराकानी, तर्क वितर्क, वाद-विवाद गर्दै निंदा- आत्म प्रशंसा गर्दै आउँछन् । कोही कोही गृहत्यागी, महंत, मठाधीश आफ्नो शिष्य-मण्डलीका साथ सजी - धजी, सुसज्जित पालकीका बसेर आउँछन् । तेल लगाएको लामो कपाल विभिन्न फूलले सजाएर, आँखामा गाजल, कानमा कुण्डल, गलामा माला, औंलामा रत्न जडित स्वर्ण मुद्राहरूको औंठी तथा अन्य सुन्दर एवं बहुमुल्य वस्त्राभूषणहरूद्धारा सज्जिएर बाहिर आउँछन् । कोही शरीरमा खरानी घसेर, जटामा - दाढीमा खरानी रगडेर आउँछन् । कोही कमरमा लगौंटी लगाएर त कोही नग्न रूपमा आउँछन् । जसलाई देखेर प्रौढ गृहणी तथा नवयुवति किशोरीहरू लाजले निहुँरिनु पर्ने हुन्छ । यिनीहरूलाई देखेर कोही घर भित्र जान्छन् । ती गृहत्यागीहरूको तुलनामा यी भिक्षुहरू शालीनता पूर्वक शरीरलाई पूरा ढाकेको वस्त्र लगाएर आउँदैछन् । यिनीहरूको चीवर पनि महंगो छैन, साधारण छन् तर स्वच्छ छन् । फाटिएको ठाउँमा सिएको छ । सबै सौम्य, शिष्ट र शालीनताको प्रतिमूर्ति झैं देखिन्छन् ।

बुद्ध प्रमुख भिक्षु संघको यो लाईन नगरश्रेष्ठिकोघर तर्फ अगाडि बढ्दै थियो । सबैको चेहरामा भरखर उडाएको सूर्यको प्रकाशको किरण परेको थियो । भगवानको त के वर्णन गरूँ, ध्यानलाभी सबै भिक्षुहरूको चेहरा अंतर्तपले दीप्त थियो । सबै ओजस्वी, तेजस्वी, सबै शान्त, संयमित र सबै विनयती देखिन्थे ।

अनाथपिण्डिक श्रेष्ठि सुदत्त प्रसिद्ध दानी थिए । उसले भिन्न भिन्न तीर्थहरूमा, विभिन्न सम्प्रदायका संगठन आश्रमका गृहत्यागिहरू आफ्नो दानशालामा आएको देखेका थिए । तर यसरी पंत्तिबद्ध, अनुशासनबद्ध, संयमबद्ध, नियमबद्ध त्यागीहरुको संघ, जीवनमा पहिलोपटक देखेका थिए । यो देखेर उनको मन खुसीले गद्‌गद् भयो । उनी अतुल अपरिमित श्रद्धाले भरीपूर भएर टाउको निहुर्‍याउँदै रहे । यस अनुपम संघ-दर्शनले उनको रौं-रौ खुसीले भरिएको थियो । उनको हात स्वतः जोडिन पुग्यो । मुखबाट “साधु ! साधु !! साधु !!!” को मंगल वाणी निस्कियो । आँखाबाट अनायास अविरल अश्रुधारा निस्कियो । घाँटी सुक्यो । केही क्षणसम्म भावविभोर भएर त्यहीं उभीरहे । भगवान तथागत सहित भिक्षु संघ र ाज्य श्रेष्ठिको ढोकासम्म आइपुग्दा उनको होस् फर्किसकेको थियो । नगरश्रेष्ठि र उनकी श्रीमती तथा अन्य स्वजन-परिवारजनहरू बाहिर आएर भगवानलाई स्वागत गरे, प्रणाम गरे । श्रेष्ठि सुदत्तले पनि उनी प्रति स्वागतका केहि शब्द भनेर पञ्चाङ्ग प्रणाम गरे ।

भगवान आफ्नो भिक्षु संघ सहित हवेली अगाडि रहेको विशाल प्रांगणमा प्रवेश गर्नुभयो । दुबै श्रेष्ठिहरूले भगवानसंग कुशलवार्ता गरे । उनीहरूले र अन्य सबैले बुद्ध सहित भिक्षुहरूको खुट्टा धोए र भिजेको खुट्टा सेतो खुट्टा पुछ्ने कपडाले पुछे । भगवान भोजनको लागिस विछ्याइएको प्रमुख आसनमा बस्नुभयो । भिक्षुहरू पनि आ-आफ्नो आसनमा गएर बसे ।

भोजन पस्किने समय आयो । परिवारका सबै जना क्षीर, भात तथा विभिन्न प्रकारका ब्यञ्जन तथा मिठाईले भरेको पात्र लिएर उभिएका थिए । सेठ आफ्नो हातले भोजन राख्दै थिए । उनको आग्रहले सुदत्त सेठले पनि केही व्यंजन र मिठाई दान दिए ।

भोजन शुरू भयो । सुदत्त सेठ भगवानको सामू तल एउटा आसनमा बसे । सबै भिक्षुहरूको आँखा झुकेको थियो । केवल भोजनपात्रसम्म मात्र दृष्टि सिमित थियो । भोजन गरिरहेका भिक्षुहरू कसैसँग पनि कुराकानी गरिरहेका थिएनन्, खाना खाँदा न कुनै आवाज आईरहेको थियो, न कसैले हात - ओठ चाटिरहेका थिए । पहिलो गाँस निलिसके पछि मात्र दोस्रो गाँस लिन्थे । अत्यन्त शालीनतापूर्वक भोजन ग्रहण गरीरहेका थिए । भोजन ग्रहण पछि भगवान उठ्नु भयो, आफ्नो भिक्षापात्र स्वयं आफैले पखाल्नु भयो र पुनः आफ्नो आसनमा आएर बस्नु भयो । उहाँ पछि अन्य भिक्षुहरू पनि एक-एक जना गरेर उठ्नुभयो र आ-आफ्नो पात्र पखालेर पुनः आफ्नो आसनमा आएर बस्नुभयो । भोजन दानको कार्यक्रम सौम्य तथा शान्तिपूर्ण ढंगले सम्पन्न भएको देखेर सुदत्त सेठ झन विस्मयविभोर भए । साधकहरूको यस्तो अनुशासित संघ उनले पहिलो पटक देखेका थिए जसबाट उनको मनमा असीम श्रद्धाभक्ति उर्लेर आयो ।

केही समय पछि भगवानले भोजन दान गरेको पुण्यानुमोदन गर्नु भयो र गृहस्थधर्म बारेमा भन्नुहुँदै अत्यन्त मुटु छुने धर्मदेशना गर्नुभयो । उपस्थित सबै गृहस्थहरूले अती श्रद्धा-भक्तिपूर्वक श्रवण गरे र भगवान तथा भिक्षु संघको वन्दना गरे । यसपछि भगवान उठ्नुभयो र जसरी आउनु भएको थियो त्यसरी नै नापी-तौली पाइला चाल्दै शीतवन तर्फ प्रस्थान गर्नुभयो । भिक्षुसंघले त्यसै प्रकार अनुशासित ढंगले उहाँको अनुगमन गर्नु भयो । सुदत्त सेठ आफ्नो विश्राम कोठामा आएर केहि बेर आँखा बन्द गरेर बसे । यस्तो श्रेष्ठ संघ-दर्शनले उनको रौं-रौंमा खुसी छाएको थियो । मन भाव विभोर भइरहेको थियो । धन्य छ यो आदर्श भिक्षु संघ, जसलाई यस्तो आदर्श धर्म-शास्ता प्राप्त भएको छ । यस्तो चिन्तन गर्दा गर्दै स्वयं धन्यताको उदत्त भावले विभोर हुन पुगे । अनायास उनको मुखबाट साधुकारको मंगल शब्द निस्कियो-साधु । साधु । साधु ।

*साभार: 'हिन्दी विपश्यना पत्रिका' आषाढ पूर्णिमा, १९९७)*



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २३२

■ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**न हि एतेहि यानेहि – गच्छेय्य अगतं दिसं**
**यथा'त्तना सुदन्तेन – दन्तो दन्तेन गच्छति**

*अर्थ*– जसले संयमी भएर, आफूले आफैलाई दमन गर्छ, उनी निर्वाण पदमा पुग्न सक्छ, हात्ती – घोडाको रथलाई दमन गर्दैमा कोही निर्वाणमा पुग्न सक्तैन ।

*घटना*– उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बास गर्नु भएको बेला एउटा भिक्षु जो पहिले गृहस्थ छँदा माहुते थियो, त्यसको कारणमा भन्नु भएको थियो ।

अचीरवती नदीको किनारमा एउटा माहुतेले उनका हात्तीलाई तालिम गरिरहेको थियो । त्यहाँ नै एक समूह भिक्षुहरू थियो । माहुतेले हात्तीलाई भने जस्तो गराउन नसकी कोशिश गरिरहेको थियो । त्यहाँ हेरिरहेका भिक्षुहरू मध्ये एकजना पहिले माहुते भएर काम गरेर आएका थिए । त्यो भिक्षुले त्यो माहुतेलाई यहाँनिर यसरी घोचेर दमन गर्नुपर्छ भनी सिकाइदिए । भिक्षुले भनिएको जस्तै गर्दा साँच्चै नै हात्ती दमनमा आयो ।

यो देखेका भिक्षुहरूले उक्त कुरा भगवान बुद्धसँग भन्न गए । भगवान बुद्धले त्यो भिक्षुलाई बोलाएर सोध्नु भयो– "हे भिक्षु ! के तिमीले माहुतेलाई हात्ती दमन गर्न सिकाई दिएका हौ ?" भिक्षुले "भो शास्ता ! हो ।" भनीकन जवाफ दियो । अनि भगवान बुद्धले भिक्षुलाई सम्झाउनु भयो– "हे मोघपुरूष ! अर्काको हात्तीलाई दमन गरी उस्तै यान– वाहन दमन गरी तिमीलाई के फाइदा हुन्छ ? त्यस्ता वाहनले आफू पहिले नपुगेको, पुग्नु पर्ने ठाउँ निर्वाणसम्म लान्छ भन्ने कुरा असम्भव छ । आफूले आफूलाई दमन गर्न सकेमा नै पहिले नपुगेको निर्वाणमा पुग्न सकिन्छ । अत: पहिले आफैलाई दमन गर्न खोज, तथागतले यसरी आज्ञा भई उपरोक्त गाथाहरू भन्नुभयो ।

## भूलसुधार

धर्मकीर्ति पत्रिका वर्ष २८, अङ्क १, पेज ३५ को धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू शिर्षक अन्तरगत क्र.सं. ६४६ मा "केशचन्द्र शाक्य, बनेपा रु. ११००/- हुनुपर्नेमा अन्यथा हुन गएकोले यसलाई सच्याइएको छ । यसरी नै क्र .सं . ६४७ र यसको विवरण पनि यस शिर्षकबाट हटाई सच्चाइएको छ ।

**(–प्र.सं. ध.की.पत्रिका)**

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

क्र.सं. ६४७

**अञ्जना राजभण्डारी**
असन, काठमाडौं
रु. १,०१०/-

क्र.सं. ६४८

**केदार त्वाना वास**
जगती, भक्तपुर
रु. १,०००/-

क्र .सं. ६४९

**हेमरत्न तुलाधर**
असं, भलुलिप
रु. १,१००/-

## धर्मकीर्ति पत्रिकालाई सहयोग

**भिक्षु अश्वघोष महास्थविर ८४ वर्ष** पूरा हुनुभएको उपलक्ष्यमा उहाँले **धर्मकीर्ति मासिक पत्रिकाको वैशाख पूर्णिमाको विशेषांक**हरूमा कभरपेज रंगिन गर्नको लागि रू. ३0,000/- रकम सहयोगार्थ चन्दा प्रदान गर्नुभएको छ । धर्मकीर्ति पत्रिका परिवार, धर्मकीर्ति विहारले चन्दा दाता भिक्षु अश्वघोष महास्थविरको आयु आरोग्य एवं उत्तरोत्तर प्राप्तिको कामना गर्दै साधुवाद व्यक्त गरेको छ ।



Downloaded from http://www.dhamma.digital

# कालको महिमा

■ नरेन्द्रनाथ भट्टराई

कालको महिमा अपरम्पार छ, बुझी नसक्नु छ । काल भनेको समय हो । तर काम कुरा समयमा घट्दछ, समयमै हुर्कन्छ अनि समयमै मर्दछ पनि । यस्तो महत्त्वपूर्ण भएरै होला हामी काललाई यमराजको नामले पुकार्दछौं । साधारण प्रचलनमा काल भन्ने बित्तिकै हामी धेरैजसो मृत्युलाई मात्र मान्दछौं । कालले चाहेमा बच्चा, युवा, बुढा जसलाई पनि लैजान्छ ! कालबाट बच्ने र उमेर लम्ब्याउने प्रयासमा अनेकन् तरीका विधि र साधन मानिसले निकालिरहेका छन्, तर !

दुई जना विदेशी पर्यटकहरू नेपालको पूर्वी पहाडी भेकतिर घुम्न गएका बखत तिनीहरूले सुनकोशी नदीको एउटा दहमा केही मानिसहरू माछा समात्न लागेका देखे । ५/७ जना युवकहरूको बीचमा एक जना बुढा मानिस पनि दहभित्र पस्दै झन धेरै बेर डुबुल्कि मार्दै माछा पक्रँदै गरेको देख्दा ती पर्यटकहरू आश्चर्यमा परे । माछा मार्ने क्रम सकेर माछाको सबभन्दा ठूलो पोको बोक्दै ती बुढा पनि आफ्नो बाटो लाग्न लागे । त्यसै बखत ती पर्यटकहरूले बुढालाई सोधे– "तपाईं कति वर्षको हुनु भयो हँ ?" बुढाले भने– "म ८० वर्षको भएँ बाबु हो !" आश्चर्य मान्दै पर्यटकहरूले सोधे– "होइन तपाईं यति उमेर भएर पनि २५/३० वर्षका युवकभन्दा पनि तगडा हुनुहुन्छ ? यस्तो हुनाको रहस्य के छ ?" बुढाले भने– "हे बाबु हो ! म जाँड रक्सी पिउँदिन, चुरोट तमाखु पिउँदिन, अविवाहित छु, ब्रह्मचर्यमा रहन्छु, ठीक समयमा सुत्छु, उठ्छु" आदि । बुढाले भनेका सबै कुरा कापीमा टिपेर धन्यवाद दिंदै जान लागेका थिए । त्यसैबेला ती बुढाले भने– "आश्चर्य मान्नु पर्दैन मेरो बुबा पनि हुनुहुन्छ ।" पर्यटकहरू झन् छक्क परेर भने– "हामी आज तपाईकै घरमा बास पनि बस्छौं तपाईको बुबालाई पनि भेट्छौं हुन्न ?" हुन्छ भनी बुढाले ती पर्यटकहरू लिएर घर गए । तपाईको बुबाको उमेर कति भयो होला भनी सोध्दा ती ८० वर्षका बुढाले "१०० वर्षको भयो" भनी भने । घर पुगेर पिंडीमा बसे । त्यसैबेला घरभित्र कोठामा घर्लाङ घुर्लुङ आवाज आएको सुनेर पर्यटकहरूले "केको आवाज त्यो कोठाभित्र ?" भनी सोध्दा बुढाले भने– "ती मेरा बुबा हुन् । बिहानदेखि रक्सी पिएर आएकोले कोठामा थुनिदिएको । वहाँ बिहानैदेखि चुरोट र रक्सी खाइरहनु हुन्छ ।" आश्चर्य मान्दै आफू-आफूमा हेराहेर गर्न लागेका पर्यटकहरूलाई बुढाले फेरि भने– "बाबु हो ! आश्चर्य मान्नु पर्दैन, मेरो बाजे पनि हुनुहुन्छ । तीन छक्क पर्दै पर्यटकहरूले सोधे– "तपाईंको बाजे कति वर्षको हुनुभयो अनि अहिले कहाँ हुनुहुन्छ ?" बुढाले भने– "मेरा बाजे ११५ वर्षको हुनुभयो । बाटोमा हिंडेकी एउटी तरूणी केटीलाई हातपात गरेको आरोपमा बयान दिन आज बिहानै पञ्चायतमा जानु भएको छ !"

कस्तो रहेछ त कालको महिमा !

१. **ज्ञान भनेको थाहा हुनु हो, भएको नभएको दुबै कुरा थाहा हुनु नै ज्ञान हो । शुषुप्ति अवस्थामा केही हुँदैन तर त्यो केही नभएको अवस्था पनि थाहा हुन्छ, स्वप्न जगत पनि थाहा हुन्छ, जाग्रत जगत पनि थाहा हुन्छ, केवल थाहा ।**

२. **भक्तिमार्गमा आँखा चिम्लिएर हिंडे पनि चिप्लने र लड्ने डर हुँदैन ।**

*साभार- परमात्माको दर्शन (चिन्तनद्धारा)* ■

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

| | | | |
|---|---|---|---|
| १. | रूद्रबहादुर खड्गी, चसान | रु. | २५००/– |
| २. | भक्तलाल चित्रकार | रु. | २०००/– |
| ३. | बाबुराजा तुलाधर, ग्लाश हाउस असन | रु. | २०००/- |
| ४. | तारादेवी शाक्य, बनेपा | रु. | २०००/- |
| ५. | भक्तलाल चित्रकार | रु. | २०००/- |
| ६. | मितेरी छात्रवृत्ति कोष, बनेपा | रु. | १०००/- |
| ७. | तिमिला रंजित, मजिपाट | रु. | १०००/- |
| ८. | प्रज्ञान तुलाधर *(ज्येष्ठ ३१ गते जन्मदिनको उपलक्ष्यमा)* | रु. | ५००/- |
| ९. | केशचन्द्र शाक्य, बनेपा | रु. | ३००/- |

**आजीवन सदस्य–**

| | | | |
|---|---|---|---|
| १०. | धर्मवीर शाक्य, जमल (आ.सं.) | रु. | ५१००/- |

**बालिकाहरूलाई वार्षिक शैक्षिक सहयोग गर्नेहरू–**

| | | | |
|---|---|---|---|
| 11. | Gereld Heaton, Ontano, Canada | Rs. | 6000/– |
| 12. | Sykhee Suwal, Texas, America | Rs. | 6000/– |
| 13. | Mr. Samir Maharjan, Bhote Bahal | Rs. | 6000/– |

**मैत्री केन्द्र आजीवन भोजन दाताहरू–**

| | | |
|---|---|---|
| १४. | भिक्षु अश्वघोष महास्थवीर | रु.१५,०००/- |
| १५. | शान्तादेवी श्रेष्ठ, बनेपा | रु.१५,०००/- |
| १६. | सुवर्णकाजी स्थापित, मखन | रु. १५,३००/- |



Downloaded from http://www.dhamma.digital

# योग अभ्यास विधि – भाग ५८

रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. **गोपाल प्रधान**
रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योती समूह नेपाल, भोटाहिटी, काठमाण्डौ, फोन नं.: ४२२४०८५

## रङ्को रहस्य–५

गत अंकमा रंगको रहस्य अन्तरगत सूर्य चिकित्सा पद्धतिका लागि स्वास्थ्य रक्षाको नियम अनुसार तनाव र हित, निन्द्रा अन्तरगत आनन्द साथ सुत्न नसक्नु पनि मानसिक तनावका प्रमुख लक्षण हुन सक्दछ, भन्ने वारे उल्लेख गरेको थिएं । क्रमश: यस अंकमा पनि तनाव रहित निन्द्राका वारेमा जानकारी प्रस्तुत गरेको छु ।

संसारमा केहि व्यक्तिहरू आफ्नो विषयमा आलो चना सुन्ने वित्तिकै रिसाउन थाल्दछ वा छुट्कारा पाउन हरेक प्रकारले बहाना खोज्न थाल्दछ । त्यस्ता व्यक्ति आफ्नो गल्ति प्रति आलोचना सुन्न मन पराउँदैन । संसारमा कोहि पनि व्यक्ति छैन जसका वारेमा आलोचना हुँदैन । समयको अनुकुलता अनुसार उबाट केहिन केहि गल्ति भई हाल्दछ, जसका लागि उसले आलोचना सुन्नु पर्दछ । किनकी आफुलाई सहि लागेको कुरा होस् वा काम अरूलाई ठीक लाग्न सक्दैन सो कारण उसले आलोचना सुन्नु पर्दछ । तर त्यस्तो अवस्थामा रिसाउनु, झर्किनु भन्दा आफ्नो गल्तिको महशुस गरी आलोचना सुनेर रिसाउदा वा वैमनस्य गर्दा आफूलाई र अरूलाई अहित हुन सक्दछ जसका कारण समाजमा एउटा नकारात्क वातावरण तयार हुन पुग्दछ । त्यस्तै आलोचना सुनेर सहेर वस्नु पनि राम्रो हुँदैन, जसका कारण मानसिक तनावको सृजना हुन सक्दछ । यसैकारण यदि सामाजमा कुनै कार्य गरी सकेको छ वा गर्न लागेको छ, त्यसका लागि समाजका सवै व्यक्तिलाई स्पष्ट गराउनु पर्दछ ।

संसारमा जसले आलोचना सुनेर स्पष्ट गर्न सक्दैन उ कहिले पनि जीवनमा अघि बढ्न सक्दैन । त्यस्तै उ समाजबाट एक्लिदै जान्छ, र विस्तारै-विस्तारै उ पूर्ण रूपले एक्लो बन्दछ । त्यस्ता व्यक्ति उदाहरणको लागि त समाजमा रहेको व्यक्ति ठान्न सकिन्छ, तर उ पूर्ण रूपले एक्लो हुन्छ । संसारमा थुप्रै यस्ता व्यक्तिहरू पनि छन् जसले आफ्नो आलोचना हुने वित्तिकै प्रतिक्रिया व्यक्त गर्दछन् । त्यस्ता व्यक्तिले अरूको भन्दा आफ्नो बढि हानि गर्दछ, अझ क्रोध बस आएर त कहिले पनि प्रतिक्रिया जनाउनु हुँदैन, त्यस्ता प्रतिक्रियाबाट अझ वढि वैमनस्यताको सृजना हुन्छ ।

संसारमा राम्रो व्यक्ति बन्नको लागि आलोचना सुनेर सहनु पर्दछ, त्यस्ता व्यक्तिलाई असल चरित्र भएको व्यक्ति भनिन्छ । आलोचनाबाट नै जीवनमा अघि बढ्न सकिन्छ । यसैकारण आलोचना गर्ने व्यक्तिलाई शत्रु नठानेर परम मित्रको रूपमा स्वीकार गर्नु पर्दछ । किनकी त्यस्ता व्यक्तिले तपाईंको गल्तिलाई नै औंल्याउने गर्दछ । आलोचना नगर्ने तपाईंको गल्तिलाई सामान्य ठान्ने व्यक्ति, आवश्यक भन्दा वढि चापुलुसी गर्ने व्यक्तिले तपाईंलाई अधोगतितिर लैजान्छ । यस्ता व्यक्तिका कारण कुनै दिनमा तपाईंले ठूलो हानी सहनु पर्ने हुन्छ । तपाईको आलोचना गुर्नु भनेको तपाईंलाई अपमानित गरेको भनी सोच्न हुँदैन । आलोचनाबाट तपाईंलाई आफू भित्र रहेका कमी-कम्जोरी बुझ्न सजिलो हुन्छ । यसैकारण यदि आफ्नो आलोचना भई रहेको छ भनि आफुमा के-के कमी-कमजोरी छ भनी नियाल्नु पर्दछ ? तत्पश्चात् मात्र तपाईंलाई ज्ञान हुनेछ, आलोचना सही वा कसैले ईर्ष्यावश तपाईंको आलोचना गर्दछ भने देखि त्यसमा तपाई ध्यान दिनु भन्दा नदिनु राम्रो हुन्छ । यसबाट तपाईंको मानसिकतामा बृद्धि हुन्छ । साथ-साथै आलोचना गर्ने व्यक्ति आफै थकित हुन्छ ।

अन्तमा साँच्चै भन्ने हो भने देखि आलोचना भनेको व्यक्तिको हुँदैन, उसले गर्ने कार्यको आलोचना हुन्छ । आजसम्म राम्रो कार्य गरिरहेको व्यक्ति वाध्यतावश भोली गएर गलत कार्य गर्न सक्दछ, यसैकारण उसले के कारण गलत कार्य गरेको बुझी मात्र आलोचना गर्नुपर्दछ । स्पष्टमा हामीले बुझ्नु पर्छ व्यक्ति गलत हो वा उसले गरेको कार्य गलत हो । सोहीकारण तपाईको कसैले आलोचना गरेको छ भने देखि रीसको आवेगमा आउनु भन्दा, कारणलाई पत्ता लगाई स्पष्ट गर्नु अति उत्तम हुन्छ । अझ सम्भव भए देखि आफु एक तह तल झर्नु परे पनि झरी आलोचनाको समाधान खोज्नु पर्दछ । तव मात्र एउटा उत्तम पुरुष बन्न सकिनेछ । ■



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार



**मानिसहरूको अवनतिको कारण के हो ?**

*२०६६ चैत्र २८ गते, शनिवार*

*प्रवक्ता- डा. कविन्द्र वज्राचार्य*

*प्रस्तुती- राज भाई तुलाधर*

यसदिन डा. कविन्द्र राज वज्राचार्यले "मानिसहरूको अवनतिको कारणहरू" विषयमा प्रवचन गर्नुहुदै भन्नुभयो– मानिसहरूको अवनतिको कारण के के हुन सक्छ भनी एक जना व्यक्तिले भगवान गौतम बुद्धसंग सोध्न आएको थियो। उसको प्रश्नको जवाफमा भगवानले यसरी वताउनु भएको थियो।

१. धर्ममा चित्त नहुनेहरूको अवन्नति हुन्छ। धर्ममा चित्त हुनेहरूको उन्नति हुन्छ। यहाँ धर्म भन्नाले कुनै संगठित धर्मलाई नलिइकन चित्तको शुद्धता, र मैत्री, करूणा आदि भावनालाई भनिएको हो भन्ने कुरा बुझ्नु जरूरी छ।

२. असल व्यक्तिहरूको संगत गर्न मन नपराउनेहरूको अवनति हुन्छ। असल व्यक्तिहरूको संगत गर्न मन पराउनेको उन्नति हुन्छ। कुसंगतले असल मानिस पनि विग्रेको र सुसंगतले खराव मानिस पनि सप्रेको हामीले देखेकै कुरा हो।

३. विलासी जीवन जिउने, इन्द्रीय सुखमा मात्रै लाग्ने हरूको अवनति हुन्छ। सरल जीवन व्यतीत गर्नेहरूको उन्नति हुन्छ। विलासी जीवन जिउन धेरै धन सम्पत्ति चाहिन्छ जसको प्राप्तिको लागि मानिसले कुकर्म पनि गर्न सक्छ र अन्तत्त्वगत्त्वा पतनको कारण बन्छ।

४. सक्षम, सम्पन्न भएर पनि बृद्ध आमा बाबुको सेवा, पालन पोषण नगर्नेहरूको अवन्नति हुन्छ भने जसले गर्छ उनीहरूको उन्नति हुन्छ। आमा बाबुको भौतिक रूपमा मात्र होइन आध्यात्मिक रूपमा पनि सेवा गर्नुपर्छ। यदि आमाबाबु शील, समाधि, प्रज्ञाको बाटोतर्फ लागेको छैन भने त्यस तर्फ लगाउने प्रयत्न गर्नु पर्छ।

५. शील सम्पन्न भिक्षु संघ अथवा व्यक्तिको निन्दा गर्नु अवनतिको कारण हुन्छ भने संघको शरणमा जानु उन्नतिको कारण हुन्छ। यदि कसैले अरूलाई झुठो दोष लगाएर असललाई पनि खराब भन्दै हिंड्छ भने पछि गएर उ आफै तिरष्कृत हुन्छ किनभने उसको स्वभावलाई विस्तारै सवैले थाहा पाइ हाल्छन्।

६. आफ्नो सम्पत्ति आफ्नै मोज मस्तीको लागि मात्र उपयोग गर्नु अवनतिको कारण हुन्छ। आफूसंग भएको धन सम्पत्ति उचित मात्राका दान दिने गरेमा उन्नतिको कारण हुन्छ। भगवान बुद्धले पूरा गर्नु भएको पारमीहरू मध्य प्रमुख दान पारमी हो।

७. आफू जन्मेको जात, कुल अथवा धनको अभिमान गर्नाले अवनति हुन्छ भने त्यस्तो अभिमान नगर्ने, विनम्र भएर वस्नेहरूको उन्नति हुन्छ। कोही मानिस जन्मले ब्राह्मण अथवा चण्डाल हुँदैन, कर्मले नै हुन्छ। दुष्कर्म छोडेर सत्कर्मतिर लाग्यो भने जुन सुकै जात अथवा कुलको व्यक्ति भए पनि उसको उन्नति हुन्छ। धन सम्पत्ति भनेको त आज हुन्छ भोलि नहुन पनि सक्छ। त्यसको अभिमान गर्नु मूर्खता मात्रै हुनेछ।

८. सुरापान गर्ने, नसालु पदार्थ सेवन गर्ने, जुवा खेल्नेहरुको अवनति हुन्छ भने यसबाट वच्नेहरूको उन्नति हुन्छ। जाँड, रक्सी, नसालु पदार्थको सेवनबाट मानिसको बेहोसीपन बढ्ने मात्र होइन यसले शारीरिक रोग, मानसिक विकृति र आर्थिक अभाव पनि निम्त्याउंछ। झै झगडा पनि वढाउंछ। जुवाबाट कति सम्म नोक्सान हुन्छ भन्ने कुरा त हामी सवैले महाभारतमा युधिष्ठिरको दुर्गति भएको कथाबाट बुझेका नै छौं।

९. व्यभिचार गर्नेहरूको अवनति हुन्छ भने व्यभिचार नगर्नेहरूको उन्नति हुन्छ। व्यभिचारले पारिवारिक कलह बढाउंछ, शारीरिक रोग पनि निम्त्याउन सक्छ, मानसिक तनाव बढाउंछ। पति पत्नी एक अर्कासंग संतुष्ट भएर रहेका आपसी स्नेह सद्भाव बढ्छ, घरको वातावरण शान्तिपूर्ण हुन्छ, आमा बाबुको कारणले वच्चाहरूमा नकारात्मक प्रभाव पर्दैन।

१०. धन सम्पत्ति अविवेकी अथवा अस्वस्थ मनस्थिति भएको व्यक्तिको नियन्त्रणमा राख्न दिइयो भने अवनति हुन्छ। विवेकशील, स्वस्थ मनस्थिति भएको व्यक्तिको हातमा धन सम्पति राख्नाले उन्नति हुन्छ। मेहेनत गरेर कमाएर राखेको धनलाई जथाभावि खर्च गरियो भने अवश्य पनि दु:ख नै बढ्ने छ। धनको उचित उपयोगले नै हामीले आफुलाई पनि अरूलाई पनि सुखी राख्न सक्छौं।

माथि उल्लेखित कुराहरूलाई राम्ररी मनन गरेर अवनतिको कारणहरूलाई आउन नदिए अवश्य पनि हामीले आफ्नो जीवनलाई सार्थक बनाउन सक्नेछौं। हाम्रो पूर्व संचित कर्मका कारणले वर्तमानमा हामी अन्धकारमा (दु:ख



Downloaded from http://www.dhamma.digital

दरिद्रताको अवस्था) पनि हुन सक्छौं । तर भविष्यमा कहाँ जाने भन्ने कुरा हाम्रो हातमा छ । वर्तमान कर्मलाई सुधारेर सद्धर्ममा लागेर हामी अन्धकारबाट प्रकाशमा जान सक्छौं, त्यसको विपरीत दुष्कर्ममा लागे अहिले प्रकाशमा भए पनि भविष्यमा अन्धकारमा जाने निश्चित छ ।

## प्रिय वचन

*२०६७ वैशाख ४ गते, शनिवार*
*प्रस्तुती- सुमीत्रा तुलाधर*
*स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः काठमाडौं ।*

यसदिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले "प्रियवचन" विषयमा प्रवचन गर्नुहुँदै भन्नु भयो– धर्मको कुरा सुन्दा ५ प्रकारका फाइदाहरू प्राप्त हुन्छन्

(१) आफूले सुन्न नपाइराखेको ज्ञानगुणका कुराहरू सुन्न पाइनेछ ।
(२) सुनिसकेको कुरालाई दोहऱ्याई सुन्नपाउने मौका पाइन्छ ।
(३) आफूसंग रहेको शंका निवारण हुनेछ ।
(४) दृष्टी सोझो हुनेछ ।
(५) चित्त प्रशन्न हुनेछ ।

यी ५ प्रकारका धर्मका कुरा बुझि सकेपछि हामीले अरूसंग कुरा गर्दा प्रिय वचन बोल्ने गर्नु पर्छ । त्यसको लागि यी ५ प्रकारको गुण आफूसंग हुनैपर्छ ।

(१) झूठो कुरा नबोल्ने
(२) चुकली गर्ने बानी हटाउने
(३) कुरा गर्दा कडा शब्दको प्रयोग नगर्ने
(४) फोहर र खोक्रो कुरा नगर्ने
(५) अरूको मनमा घोच्ने छेड्ने कुरा नगर्ने ।

यी ५ वटा गुणहरू भएको व्यक्तिले हरेकक्षेत्रमा सफलतापूर्वक काम गर्न सक्ने हुन्छ । तैपनि बुद्ध शिक्षानुसार हामीले कसैलाई हीत सुख हुने देखिएमा प्रिय वचन नबोली कडा वचन प्रयोग गरेपनि त्यसमा कुनै फरक पर्ने छैन । उदाहरणको लागि भगवान् बुद्धले हल्ला गरेका भिक्षुहरूलाई कडा शब्दले गाली गरी विहारबाट बाहिर निकालि दिनु भएको थियो । यही वचनलाई शिरोपर गरेर बाहिर निस्केका ती भिक्षुहरूले संसारबाट मुक्त हुने सफलता हासिल गर्नुभएका थिए । त्यसैले जुन वचन अरूको हीत सुख कामना गरी बोलिन्छ, त्यो बचन कडा भए पनि सम्यक बचनको रूपमा लिन सकिन्छ । त्यसरी नै जुन वचन हेर्दा झूठो आश्वासन भएपनि त्यही वचनले मानसिक रोगीको रोग निको पार्न सकिन्छ । त्यो वचन कदापि झुठो हुँदै सम्यकवचन नै हुनेछ उदाहरणको लागि भगवान् बुद्धले मानसिक रोगी किसा गौतमीको मनोवल शक्ति उठाउन उनको मृत छोरो जिलाइदिनको लागि एक मुट्ठि तोरी खोज्न पठाउनु भएको थियो । जुन तोरी कुनै पनि सदस्य नमरेको परिवारबाट हुनुपर्छ भनी सर्त राखी उनीलाई तोरी खोज्न पठाउनु भएको थियो । यही वचनले अन्त्यमा किशा गौतमीको मानसिक रोग हटेको थियो । त्यसैले सम्यक वचन त्यो हुन्छ जुन वचनले आफ्नो र अरूको भलो हुन्छ । मूख्य कार्य त चित्तमा भर पर्छ । चित्त नै प्रमुख भएको यस संसारमा राम्रो चित्त अगाडि सारी गरेको वचन सम्यक हुनेछ चाहे त्यो कडा र झूठो नै किन नहोस् ।

## कृतज्ञ गुण

*२०६७ ज्येष्ठ १ गते, शनिवार*
*स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः काठमाडौं*
*प्रस्तुती- सुमीत्रा तुलाधर*

यसदिन श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले "**कृतज्ञ गुण**" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो–

असल मानिसमा थुप्रै राम्रा गुणहरू हुन्छन् । ती मध्ये एउटा गुण हो कृतज्ञ गुण । कसैले आफूलाई केही गुण उपकार गरेको छ भने त्यो गुण जीवनभरको लागि सम्झन सक्ने हुनुपर्छ । कसैले कसैलाई सधैं गुण गरिरहन सक्दैन । गुण एक पटक गर्न सकिन्छ । पटक पटक होइन । त्यसैले दोष औंल्याउनु भन्दा पहिला हामीले अलिकति भएपनि गुण सम्झन सक्नु पर्छ । अनि मात्र हाम्रो मनमा द्वेष हटी मैत्रीले ठाउं लिनेछ ।

आमा बुबाले आफ्ना छोराछोरीलाई काखमा राखी खुवाई पिलाई, दिशा पिशाब सोरी ठूलो बनाउँछ । त्यही छोराछोरीले अनन्त गुण भएमा आफ्ना आमाबुबाको गुण विर्सीदिने गर्छ । तर कोही ज्ञानी गुणी छोराछोरीले आफ्नो आमा बुबाको गुण नविर्सिने छोराछोरीहरू त नभएका हो इनन् । त्यसैले होला हाम्रो नेपालमा आमा बुवाको मुख हेर्ने दिन चाडवाडको रूपमा लिइएको चलन आदर्श युक्त नै छन् । यसरी गुण सम्झने वानीलाई सम्यक दृष्टि भनिन्छ । गुण बिर्सी अवगुण मात्र सम्झने बानीलाई मिथ्या दृष्टि भनिन्छ ।

गुण सम्झी उपकार गरेको एउटा घटना यहाँ उल्लेख गर्नु सान्दर्भिक लागेको छ–



Downloaded from http://www.dhamma.digital

आफ्ना श्रीमानले घरबाट धपाइएकी एउटी गर्भवती महिला डुँगामा वसी नदी तर्दै थिइन् । तिर्खाएकी उनीले पानी खान माग्दा कसैले पानी खुवाइएन । तर एक दयावान पुरूषले उनीलाई पानी खुवाए । गर्भवती महिलाले धीत मर्ने गरी पानी खाएर त्यस पुरूषलाई जय होस् भन्दै आशिर्वाद दिइन् । उनीले शिशु जन्माइन् पनि ।

एकदिन एउटा निर्दोष मान्छेलाई चोर दोष लगाई पुलिसहरूले नराम्ररी कुटेछन् । चोर दोष लगाईएको व्यक्ति भागेर त्यही सुत्केरी महिलाको घरमा शरण लिन पुगेछ । संयोगले चोर दोष लागिएको व्यक्ति त त्यही महिलालाई आपद परेको समयमा पानी खुवाउने व्यक्ति नै परेछ । पहिलो त आफूलाई आपद परेको बेला धीत मर्नेगरी पानी खुवाउने त्यस व्यक्तिको गुण सम्भिःन थालिन् सरकारको तर्फबाट त्यस चोर दोष लागेको व्यक्तिलाई मृत्यु दण्ड दिने निर्णय गरिसकेको रहेछ । अनि कृतज्ञ गुण सम्भःेकी त्यस महिलाले राजा समक्ष गई त्यो व्यक्ति निर्दोष रहेको सावित गर्दै जमानी बसी त्यस व्यक्तिको ज्यान वचाइ दिइन् । यसरी कृतज्ञ गुण सम्भःेकी एउटी महिलाको कारणले चोर दोष लागेर मृत्यु दण्ड भोग्नुपर्ने एउटा व्यक्तिको ज्यान बच्यो । जे होस् कसैलाई उपकार गर्दा निश्वार्थ भावले गर्नु पर्दछ । यसलाई बोधिसत्त्व गुण पनि भनिन्छ ।

## धर्मकीर्ति विहारमा २७ औं पटकको रक्तदान कार्यक्रम सम्पन्न



फोटो सौजन्य- अरुणसिद्धि तुलाधर, सरोज डंगोल

रक्तदान दिनुहुँदै रक्तदाताहरू

*२०६७ जेष्ठ ८ गते, शनिवार ।*

*स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः, काठमाडौं ।*

बुद्ध सम्बत २५५४ औं वैशाख पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारका अध्यक्ष शासनधज धम्माचरिय, अग्गमहागन्थवाचक पण्डित धम्मवती गुरूमाँको उपस्थितिमा २७ औं पटकको रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो । धर्मकीर्ति विहारको ४५ औं एवं धर्मकीर्ति वौद्ध अध्ययन गोष्ठिको ३९ औं वार्षिककोत्सवको उपलक्ष्यमा सम्पन्न गरिएको उक्त कार्यक्रम थालनी गर्नु अगाडि धम्मवती गुरूमाँ वीर्यवती गुरूमाँ र वेलायत निवासी धम्मदिन्नां गुरूमां (श्रीलंङ्काबाट आउनुभएको गुरूमांहरू वाट वौद्ध परम्परा अनुसार सामूहिक वुद्ध वन्दना पाठ गरी



Downloaded from http://www.dhamma.digital

कार्यक्रम शुरू गरिएको थियो ।

आफ्नो शरिरको कुनै हिस्सा त्याग गरी अरूको जीवन वचाउने कार्यलाई बुद्ध शिक्षानुसार दान उपपार मितामा लिइएको छ । त्यसैले धर्मकीर्ति विहारले रक्तदान कार्यक्रम २७ वर्ष अगाडि देखि निरन्तर रूपले संचालन गर्दै आइरहेको छ ।

यस अमूल्य कार्यक्रममा विभिन्न निकायको तर्फवाट विभिन्न धर्मप्रेमी महानुभावहरूले आ- आफ्नो क्षेत्रवाट आवश्यक सहयोग पुऱ्याउनु भई पूण्य सञ्चय गर्नु भएका थिए–सहयोगीहरू – अनुपमा गुरूमाँ, खेमावती गुरूमाँ, र रमावती गुरूमाँ (Blood Pressure Check Up), विद्या सागर रंजीत, इलन रंजीत श्रेष्ठ, अरूण सिद्धि तुलाधर (फोटो ग्राफर), सुरेस मान डंगोल (फोटो ग्राफर), अमृत रत्न ताम्राकार, सुरेस मूनि शाक्य, ज्योति रत्न स्थापित, कमल मैयाँ वज्राचार्य, कल्पना शाक्य, विनु तुलाधर, राम कुमारी मानन्धर, रामेश्वरी डंगोल, तारा देवी तुलाधर, रोशन काजी तुलाधर, रमा शोभा कंसाकार, मीन शोभा शाक्य, माया देवी महर्जन, मचा काजी महर्जन (ब्लो दान), शरद कसा: (भू.पू. अध्यक्ष ब्लोदान), चन्द्र लक्ष्मी वज्राचार्य, इन्द्र कुमार नकर्मि अनिल कृष्ण जोशी आदि ।

*संस्था- रक्त संचार केन्द्र*

*सहयोगीहरू-*

१. धन भण्डारी (Staff Nurse)
२. टीका खरेल (A.N.M.)
३. नीरा अधिकारी (Technician Nurse)
४. शेखर (Driver)

धर्मकीर्ति स्वास्थ्य कमिटीका सदस्य स्वयम्भू रत्न तुलाधरको संयोजकत्त्वमा एवं ध.बौ.अ. गोष्ठिका सदस्यहरूको सहयोगद्धारा संचालित उक्त कार्यक्रममा जम्मा ९० जना रक्तदाताहरूले रक्तदान दिनु भएका थिए । उक्त रक्तदान कार्यक्रममा भाग लिन आउने रक्तदाताहरूको रजिष्टर नम्वर र नामावलीहरू यसरी रहेका छन् ।

| रजिष्ट्रर नं. | सि.नं. | रक्तदाताको नाम | ठेगाना |
|---|---|---|---|
| २३८९५ | १. | करूणा मानन्धर | हात्तिसार, नक्साल |
| २३८९६ | २. | अगम्य रत्न कंसाकार | केल मासंगल्ली |
| २३८९७ | ३. | सृजना वज्राचार्य | सामाखुसी |
| २३८९८ | ४. | अमता गुरूमां | धर्मकीर्ति विहार |
| २३८९९ | ५. | केशावती गुरूमाँ | धर्मकीर्ति विहार |
| २३९०० | ६. | भिक्षु पमीत | पाटन |
| २३९०१ | ७. | मंगल दास श्रेष्ठ | वलम्वु |
| २३९०२ | ८. | वुकेश महर्जन | त्यौड कमलाक्षी |
| २३९०३ | ९. | हेरा देवी महर्जन | असन कमलाक्षी |
| २३९०४ | १०. | अनिता महर्जन | असन कमलाक्षी |
| २३९०५ | ११. | सन्जय महर्जन | असन कमलाक्षी |
| २३८९०६ | १२. | छिरिङ डोल्मा शाक्य | पाटन |
| २३९०७ | १३. | सुरेश श्रेष्ठ | ताम्सीपाखा |
| २३९०८ | १४. | ज्ञानी देवी महर्जन | त्यौड |
| २३९०९ | १५. | अल्विन कृष्ण कंसाकार | मासंगल्ली |
| २३९१० | १६. | सुवणवती गुरूमां | धर्मकीर्ति विहार |
| २३९११ | १७. | राज भाई तुलाधर | तुन्छेंगल्ली,नरदेवी |
| २३९१२ | १८. | पूर्ण केशरी महर्जन | डल्लु |
| २३९१३ | १९. | मचाकाजी महर्जन | त्यौड, क्वाछेननी |
| २३९१४ | २०. | सुविन महर्जन | त्यौड |
| २३९१५ | २१. | म्हेश तन्डुकार | बबर महल |
| २३९१६ | २२. | ज्योति राज वज्राचार्य | त्यौड |
| २३९१७ | २३. | प्रवीण शाक्य | ह्युमत टोल |
| २३९१८ | २४. | शान्ती महर्जन | त्यौड |
| २३९१९ | २५. | अष्ट महर्जन | ढोका वहाल |
| २३९२० | २६. | सन्तु महर्जन | ढोका वहाल |
| २३९२१ | २७. | शुद्धावती गुरूमां | बलम्बु |
| २३९२२ | २८. | विनीतावती गुरूमां | खोकना |
| २३९२३ | २९. | अमिन शाक्य | ललितपुर |
| २३९२४ | ३०. | प्रकाश रत्न तुलाधर | जमल |
| २३९२५ | ३१. | विश्वम महर्जन | रानीवारी,काठमाडौं |
| २३९२६ | ३२. | विकास रत्न तुलाधर | असन |
| २३९२७ | ३३. | लक्ष्मी महर्जन | त्यौड |
| २३९२८ | ३४. | कृप्सन मानन्धर | ठमेल |
| २३९२९ | ३५. | कृपा मानन्धर | ठमेल |
| २३९३० | ३६. | सानु काजी शाक्य | पाटन |
| २३९३१ | ३७. | वालमृत तण्डुकार | पुतली सडक |
| २३९३२ | ३८. | भरत तण्डुकार | धोबीधारा |
| २३९३३ | ३९. | मिला तुलाधर | लाजिम्पाट |
| २३९३४ | ४०. | महेश महर्जन | ज्याठा |
| २३९३५ | ४१. | बुद्धि लाल महर्जन | फुतुङ |
| २३९३६ | ४२. | रवि डंगोल | असन |
| २३९३७ | ४३. | राजेश माली | धोवी धारा-३१<br>बुद्धएकेडेमी अनाम नगर |
| २३९३८ | ४४. | रसना माली | धोवी धारा-३१ |
| २३९३९ | ४५. | सविना श्रेष्ठ | ध्वखा वहाल: |
| २३९४० | ४६. | प्रसन्न काजी ताम्राकार | सीता पाइला |
| २३९४१ | ४७. | शौरभ मान ताम्रकार | महावौद्ध |
| २३९४२ | ४८. | मन्जीता वज्राचार्य | तानसेन |
| २३९४३ | ४९. | पुरष विर सिं तुलाधर | लाजिम्पाट |
| २३९४४ | ५०. | समर्थ काजी तुलाधर | भोटाहिटी |
| २३९४५ | ५१. | राकेश महर्जन | वनस्थली |
| २३९४६ | ५२. | रमिता शोभा तुलाधर | भोटाहिटी |
| २३९४७ | ५३. | सम्राट मान तुलाधर | असन किसी ध्वाका |
| २३९४८ | ५४. | नानी मैयाँ महर्जन | टेकु |
| २३९४९ | ५५. | सुमन महर्जन | डल्लु |
| २३९५० | ५६. | राजन शाक्य | न:घल |
| २३९५१ | ५७. | रूसो महर्जन | वनस्थली |



Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| २३९५२ | ५८. | बद्रि लाल नेपाली | मखन |
| २३९५३ | ५९. | पिलिन्द बनिया | डल्लु |
| २३९५४ | ६०. | रिंकु तुलाधर | भोटाहिटी |
| २३९५५ | ६१. | भिक्षु अमृत मान शाक्य | डल्लु |
| २३९५६ | ६२. | रोशन काजी तुलाधर | भोटाहिटी |
| २३९५७ | ६३. | मनिका महर्जन | ज्याठा |
| २३९५८ | ६४. | अंजु महर्जन | चमति |
| २३९५९ | ६५. | जगत ब. शिव भक्ति | चागल |
| २३९६० | ६६. | माया देवी महर्जन | ज्याठा |
| २३९६१ | ६७. | प्रतिमा मानन्धर | छेत्रपाटी |
| २३९६२ | ६८. | गौरभ ताम्राकार | ताहाचल |
| २३९६३ | ६९. | स्तुति ताम्राकार | ताहाचल |
| २३९६४ | ७०. | तिलोत्तमा मानन्धर | खुशिबुँ |
| २३९६५ | ७१. | ज्योति रत्न तुलाधर | जमल |
| २३९६६ | ७२. | वण्णवती गुरूमां | श्रीघः, नघल, धर्मकीर्ति |
| २३९६७ | ७३. | रवि श्रेष्ठ | बाफल |
| २३९६८ | ७४. | युवक लाल कर्माचार्य | ठंहिती/हाल धनकुटा |
| २३९६९ | ७५. | मनोज पाण्डे | ठमेल |
| २३९७० | ७६. | चैत्य ब. नकर्मि | ढल्को |
| २३९७१ | ७७. | रविन्द्र वज्राचार्य | नःघल |
| २३९७२ | ७८. | आसमा तुलाधर | भोटाहिटी |
| २३९७३ | ७९. | राजेन्द्र वज्राचार्य | क्वाबहाल |
| २३९७४ | ८०. | JEAN FRANCOIS MAURET | FRANCE |
| २३९७५ | ८१. | शहनशिला तुलाधर | लाजिम्पाट/भोटाहिती |
| २३९७६ | ८२. | खेमावती (गुरूमाँ) | धर्मकीर्ति विहार |
| २३९७७ | ८३. | क्षान्तिवती (गुरूमाँ) | धर्मकीर्ति विहार |
| २३९७८ | ८४. | विरेन्द्र वज्राचार्य | तानसेन पाल्पा |
| २३९७९ | ८५. | मणिवती गुरूमां | धर्मकीर्ति विहार |
| २३९८० | ८६. | अरूणसिद्धि तुलाधर | किलागल |
| २३९८१ | ८७. | सुरेस कुमार श्रेष्ठ | मिन भवन |
| २३९८२ | ८८. | सविना तुलाधर | कमलादी |
| २३९८३ | ८९. | अनिस रत्न शाक्य | नयाँ वजार |
| २३९८४ | ९० | प्रदिप तुलाधर | असन |

कार्यक्रम संचालनार्थ आवश्यक आर्थिक सहयोग एवं रक्तदाताहरूका लागि जूस र बुद्धको पोष्टर उपहार चिन्ह स्वरूप प्रदान गर्नु हुने दाता महाराजगंज चक्रपथ निवासी श्री पद्मम रत्न तुलाधर, श्रीमती रञ्जना तुलाधर हुनु हुन्थ्यो। यसरी नै रक्तदाताहरूलाई मिठाई, कोकाकोला, दूध, जूस दान गर्नु हुने दाताहरूको नाम यसरी रहेको थियो– सानु महर्जन, चिनीमाया वज्राचार्य, कृष्णमाया, लक्ष्मी कुमारी खड्गी, तुयू माया, किर्ति मैयाँ पुचः, चम्पा पुचः,पूर्ण देवी, शुभद्रा स्थापित, संघवती गुरूमाँ, वुद्धि प्रभा तुलाधर, नानी केशरी वज्राचार्य, केशरी वज्राचाय, अमृत लक्ष्मी, मीन शोभा शाक्य, रत्नदेवी मानन्धर, वीर्यवती गुरूमां, तारा देवी मानन्धर र ज्ञानशोभा ताम्राकार आदि ।

यस पालिको रक्तदान कार्यक्रम ध.वौ.अ. गोष्ठिको जन्मोत्सव उक्त दिनमा परेको हुनाले रक्तदाताहरूलाई दहि च्यूरा (धौबजि) पनि प्रदान गरि गोष्ठिको सम्झना स्वरूप मनाएको थियो। साथै उक्त दिन ध.वौ.अ. गोष्ठिले हस्तकला प्रर्दशनीको आयोजना गरिएको थियो ।

यसरी धर्मकीर्ति विहारले वि.सं. २०४० साल देखि निरन्तर रूपमा रक्तदान कार्यक्रम संचालन गर्दै आइरहेको थियो। उक्त रक्तदान कार्यक्रमको रक्तदाताहरूको नामावलि जरूरत परेमा संयोजक स्वयम्भू रत्न तुलाधरलाई सम्पर्क राख्न सकिने कुरा सही समाचार मार्फत प्रष्टाइएको छ ।

## २५५४ औं बुद्धि पूर्णिमाको उपलक्ष्मा विविध कार्यक्रम प्रस्तुत

*२०६७ जेठ १२ गते, धर्मकीर्ति विहार, धम्महल ।*

*प्रस्तुती- मीनातुलाधर*

यसदिन २५५४ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारको धम्महलमा श्रीलंकाको राजदूतावासको तर्फवाट आउनुभएका श्रीलंकन उपासक उपासिकाहरूको तर्फबाट भक्ति गीत प्रस्तुत गर्नुभएको थियो भने धर्मकीर्ति ज्ञानमाला भजनको तर्फबाट पनि ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो । धर्मकीर्ति संरक्षण कोषका अध्यक्ष पूज्य धम्मवती गुरूमांको सभापतित्त्वमा श्रीलंकाका राजदूत थोसापाला हिवागेज्यूको प्रमुख अतिथ्यमा ध.स.को सह सचिव प्रफुल्ल कमल ताम्राकारले संचालन गर्नुभएको उक्त कार्यक्रम धर्मकीर्ति विहार संरक्षण कोष एवं श्रीलंका राजदूतावासको संयुक्त आयोजनामा संचालन गरिएको थियो ।

कार्यक्रमको शुरूमा ध.स.को.का धर्मानुशासक पूज्य अश्वघोष महास्थविरले पञ्चशील प्रार्थना गराउनु भएको थियो भने उपाध्यक्ष धम्मदिन्ना गुरूमांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। यसरी नै अर्का उपाध्यक्ष द्रब्यमान सिंह तुलाधरले अतिथीवर्गलाई खाडा ओढ्ाउनु भई स्वागत गर्नु भएको थियो। त्यसपछि कोषका सचिव मीना तुलाधरले धर्मकीर्ति विहार र यसका क्रियाकलापहरू वारे विवरण प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा श्रीलंका राजदूत थोसापाला हिवागे ज्यूबाट आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति शिक्षा सदनका विद्यार्थीहरु रिजेन मानन्धर, सुभम थापा, उजेन नकर्मी, आशिका थापा, भूमी कंसाकार, नसला वज्राचार्य, रविक महर्जन, सिरिश नकर्मी, र नयल महर्जन आदिले गीत प्रस्तुत गर्नु भएका थिए । यसरी नै हिसी महर्जन, यमिका महर्जन र सोनिका महर्जन आदिले बाँसुरी बजाई नेवारी धून प्रस्तुत गर्नु भएका



Downloaded from http://www.dhamma.digital

थिए। बालिका श्रावस्ती तुलाधरले मैत्री सूत्र पाठ पाठ गर्नु भई कार्यक्रमलाई अझ मैत्रीमय बनाउनुभएको थियो ।

प्रमुख अतिथी थोसापाला हिवागेज्यूलाई ध.की.सं. कोष र ध.ज्ञा. भजनको तर्फबाट धम्मवती गुरूमांले उपहार प्रदान गर्नुभएको थियो भने कार्यक्रममा गीत प्रस्तुत गर्नुहुने, नेवारी धून प्रस्तुत गर्नुहुने लगायत मैत्री सूत्र पाठ गर्नुहुने बालबालिकाहरूलाई ध.वि.सं. कोषको तर्फबाट भिक्षु अश्वघोष महास्थविरले उपहार प्रदान गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा धम्मवती गुरूमांले सभापतिको आशनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने श्री लंका राजदूतावासका काउन्सिलर मिनिष्टर सिसिरा कोठा लवालाज्यूबाट कार्यक्रममा सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## २५५४ औं वैशाख पूर्णिमाको दिन धर्मकीर्ति विहारमा सम्पन्न कार्यक्रम

***२०६७ जेठ १३ गते, स्वाँया पुन्हि, धर्मकीर्ति विहार***

यसदिन धर्मकीर्ति विहारमा २५५४ औं वैशाख पूर्णिमाको उपलक्षयमा संचालित कार्यक्रमहरू यसरी रहेका थिए ।

१. बिहान– (बुद्ध पूजा र धर्म देशना)

यसदिन विहान ७ बजे वीर्यवती गुरूमांले बुद्धपूजा कार्यक्रम संचालन गर्नुभएको थियो । ७/३० वजे वीर्यवती गुरूमांबाट नै धर्मदेशना गर्नुभएको थियो ।

२. दिउँसो– (**बिरामीहरूलाई विस्कुट प्रसाद वितरण**)

दिउँसो २ बजे वीर अस्पतालमा विरामीहरुका लागि फ्रुटी र बिस्कुट वितरण गरिएको थियो । यस कार्यक्रमका लागि गुरूमांहरू र उपासक उपासिकाहरूले आवश्यक सहयोग गरी पूण्य संचय गर्नु भएका थिए ।

३. साँझ– (विपश्यना ध्यान) साँझ (४-५) सम्म अनुपमा गुरूमांको निर्देशनमा धर्मकीर्ति विहारको धम्महलमा विपश्यना ध्यान संचालन गरिएको थियो ।

४. साँझ– (धर्मदेशना) साँझ (५-६) सम्म वीर्यवती गुरूमांले विपश्यना ध्यान विषयमा धर्मदेशना गर्नु भएको थियो ।

५. बेलुकी– (दीपावली)

बेलुकी ६ बजेपछि श्रीघ: विहार स्थित काशी स्वयम्भू चैत्य परिसरमा दीपावली गरिएको थियो ।

## अंगुत्तर निकाय (एकक निपात)

*प्रस्तुती- अमीरकुमारी शाक्य*

यसदिन मदनरत्न मानन्धरले अंगुत्तर निकाय अन्तर गत प्रशादकर धर्म वर्ग विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो– प्रसादकरको अर्थ मनमा आनन्द लाग्नु र खुशी हुनु हो । मनले आनन्द मानी खुशी हुने कारण व्यक्ति पिच्छे फरक फरक हुने गर्छ । अझ भिक्षुहरूको र साधारण मानिसहरूको आनन्द मानी खुशी हुने कारण धेरै फरक हुन सक्छ । भगवान बुद्धले भिक्षुहरूको प्रशादकर विषयमा यसरी वताउनुभएको छ–

(१) जंगलमा रही ध्यान गर्न पाउनु प्रशादकर हुने गर्छ ।
(२) भिक्षाटनबाट प्राप्त भोजनले रमाइलो एवं खुशी लाग्ने गर्छ ।
(३) फालि राखेको चीवर टुक्रा प्राप्त गरी चीवर लागाउँदा मन आनन्दित हुनेछ ।
(४) धर्मका कुराहरू बताउन पाउँदा मन प्रशादकर हुनेछ ।
(५) विनय(नियम अर्थात् शील) पालन गर्न पाउनु पनि आनन्दको अनुभव भई खुशीलाग्ने गर्छ ।
(६) सद्धर्मलाई प्रचार गर्न पाउनु पनि प्रशादकर नै हो ।
(७) बहुश्रुत हुन सक्नु पनि प्रशादकर हो ।
(८) श्रामणेर भई दश वर्ष पछि उपसम्पदा हुन पाउनु पनि आनन्द एवं खुशी लाग्नुको कारण हो ।
(९) विभिन्न दान प्रदान प्राप्त हुँदा पनि मन प्रशादकर हुने गर्छ ।
(१०) थुप्रै अनुयायीहरू हुनु पनि प्रशादकर नै हुने गर्छ ।
(११) अनुयायीहरू वृद्धि हुनु पनि प्रशादकर नै हो ।
(१२) श्रेष्ठ कुलमा जन्मी प्रव्रजित जीवन यापन गर्न पाउनु पनि प्रशन्नताकै कारण हो ।
(१३) शरीरको वर्ण र आकार सुन्दर भई प्रव्रजित जीवन विताउन पाउनु पनि प्रसादकर नै हो ।
(१४) प्रिय र कल्याण बोलीका साथ प्रव्रजित जीवन विताउनु पाउनु पनि प्रशादकर नै हो ।
(१५) अल्पेच्छा एवं सन्तोषी हुन सक्नु पनि प्रसादकर नै हो ।
(१६) निरोगी भई बाँच्न पाउनु पनि प्रसादकर नै हो ।

यसरी दु:ख र तृष्णाबाट मुक्त रही जन्म मरण चक्रवाट छुट्कारा पाइ निर्वाण प्राप्त गर्न सक्ने उपाय वताइएको बुद्ध शिक्षा भएकोले यस्तो शिक्षा अध्ययन गर्न पाउनु पनि प्रशादकर नै हो ।

## आरोग्या परमा लाभा

*२०६६ चैत्र २९ गते, आइतवार । स्थान- धर्मकीर्ति विहार*

*प्रस्तुती- अमीर कुमारी शाक्य*

**निरोगी जस्तो परम लाभ अर्को छैन**
**विश्वास जस्तो ठूलो नाता अरू छैन**
**सन्तुष्टी जस्तो महान धर्म अरू छैन**
**निर्वाण जस्तो ठूलो सुख अरू छैन**



Downloaded from http://www.dhamma.digital

यो बुद्ध वचनलाई विश्लेषण गर्दै अनुपमा गुरूमांले यस दिन प्रवचन गर्नुभएको थियो। प्रवचनको क्रममा उहाँले भन्नुभयो– निरोगी हुनुनै मानिसहरूको लागि ठूलो लाभ हो। त्यसैले भगवान् बुद्धले आरोग्या परमा लाभा भन्नुभएको छ। धन सम्पत्ति, मान पदवी, यौबन सबै भएपनि यदि को ही व्यक्ति रोगी छ भने उसको जीबनले सुखको अनुभव गर्न सक्दैन। निरोगी हुने व्यक्तिले मात्र सुखपूर्वक जीवन विताउन सक्ने छ। रोगको विषयमा ज्ञान भएको व्यक्तिले निरोगी बन्ने उपाय अपनाउन बढि टेवा पुग्ने हुन्छ। रोग २ प्रकारका छन्। शारीरिक रोग र मानसिक रोग। शारीरिक रोग त साधारण औषधीले निवारण गर्न सकिन्छ। तर मानसिक रोगलाई हटाउन त मनोबैज्ञानिक औषधी आवश्यक हुन्छ। त्यस्तै मनोवैज्ञानिक डाक्टर बैद्यको नै आवश्यक हुन्छ।

भगवान् बुद्धलाई मनोवैज्ञानिक वैद्यको रूपमा लिन सकिन्छ। उहाँले मानसिक रोगीलाई मनोबैज्ञानिक उपचार गरी निको पारिदिएको थुप्रै प्रमाणहरू छन्। आफ्नो मृत वालकलाई मृत भन्न नरूचाएकी किसा गौतमीको मानसिक रोग हटाउन कुनै पनि सदस्य नमरेको परिवारबाट भगवान् बुद्धले एक मुट्ठि तोरीको बीऊ लिन पठाउनु भएको थियो। यस घटनाले किसा गौतमीले मानिसले एक दिन मरणलाई स्वीकार्नु नै पर्ने वाध्यतालाई बुझी बोध भएकी थिइन्।


त्यस्तै जनपद कल्याणीको रूप यौवनमा आशक्त भई प्रव्रजीत जीवनमा पनि छट्पटाइरहेका नन्द कुमारलाई भगवान् बुद्धले बुढी बाँदरको रूप र स्वर्गका अप्सराहरूको रूप लाई जनपद कल्याणीको रूप संग तुलना गराई अनित्य वोध गराई प्रव्रजित जीवन सफल पारिदिनु भएको थियो। बुद्धकालिन समयमा यस्ता मानसिक रोगीहरूको थुप्रै घटनाहरू घटेको पाइन्छ।

मानसिक दु:खबाट मुक्ति प्राप्त गर्नका लागि गइसकेको भूतकालको कुरा सम्झी शोक नगर्नु, भविष्यको बारे चिन्ता नगर्नु, वर्तमान जीवनलाई सुधार्न कोशिस गर्नु। यसो गर्न सकेमा जीवन निरोगी र सफल हुनेछ। त्यतिमात्र होइन जीवन निरोगी, र सफल पार्न दान, शील र भावनाको पनि अभ्यास गर्नु अति जरुरी छ। जुन व्यक्तिले अनित्य, दु:ख, र अनात्मालाई बुझ्न सक्छ, त्यस व्यक्तिले मानसिक दु:खबाट मुक्त भई निर्वाणको मार्गतर्फ अगाडि बढ्न सक्नेछ।

## श्रद्धाञ्जली सभा सम्पन्न

*२०६७ जेठ ७ गते, शुक्रवार। स्थान- धर्मकीर्ति विहार*

म्यानमार स्थित मोलमिन शहरको खेमाराम विहारकी प्रमुख दो सुखाकारी गुरूमां यही २०६७ जेठ १ गतेका दिन १०२ वर्षको उमेरमा दिवंगत हुनुभएको समाचार प्राप्त भएको छ। धर्मकीर्ति विहारकी प्रमुख धम्मवती गुरूमां प्रमुख अन्य गुरुमांहरूका पनि गुरू रहनुभएकी उहाँ गुरूमां दो सुखाकारीको पूण्य स्मृतिमा धर्मकीर्ति विहारमा यस दिन धर्मकीर्ति विहारले श्रद्धाञ्जली सभाको आयोजना गरिएको थियो।



*दो सुखाकारी गुरूमां*

पूजा च पूजनेय्यानं एतं मंगल मुत्तमं अर्थात् पूजा गर्न योग्य व्यक्तिहरूको पूजा गर्नु पनि उत्तम मंगल हो भन्ने बुद्ध वचनलाई स्मरण गरी यस कार्यक्रम भिक्षु निग्रोधको प्रमुख आतिथ्यमा संचालन गरिएको थियो। दिवंगत गुरूमां दो सुखाकारीको गुणानुस्मरण गनुहुँदै उहाँकी चेलीहरू धम्मवती गुरूमां, चमेली गुरूमां ,अनोजा गुरूमां, अनुपमा गुरूमां, र सुजाता गुरूमां आदीले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रमको अन्त्यमा भिक्षु निग्रोधले धर्मदेशना गर्नुभएको थियो।

कार्यक्रमको अन्त्यमा दिवंगत गुरूमांको पूण्य स्मृतिमा पूण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो।

**wd{§lIt{ljxf/df a'4k'hf / wd{b]zgf**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६७/२/१ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६७/२/७ | वीर्यवती गुरुमां | भिक्षु निग्रोध |
| २०६७/२/१३ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६७/२/२२ | त्यागवती गुरुमां | मेत्तावती गुरुमां |
| २०६७/२/२९ | केशावती गुरुमां | केशावती गुरुमां |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी वार्षिक भेलामा प्रस्तुत भएका प्रतिवेदनहरू

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी वार्षिक प्रतिवेदन (२०६६)

*प्रस्तुती- लोचनतारा तुलाधर*

| क्र.सं. | मिति | प्रगति कार्य विवरण | संयोजक |
|---|---|---|---|
| १. | २०६६ बैशाख २६ वैशाख पूर्णिमा, शनिवार | साँझ (४-५) सामुहिक विपस्सना ध्यान (५-६) वीर्यवती गुरूमांको तर्फबाट स्मृति प्रस्थान ध्यान विषय धर्मदेशना ६ बजे देखि बुद्धपूजा, परित्राण पाठ ७ बजे श्रीघः चैत्य परिसरमा दिपावली | प्रतिमा मानन्धर |
| २. | २०६६ जेठ १६, शनिवार | गोष्ठीका धम्मानुशासक पूज्य अश्वघोष महास्थविरको ८३ औं जन्मदिनको उपलक्ष्यमा बाल चित्रकला प्रतियोगिता | शुभवती गुरूमां |
| ३. | २०६६ जेठ ३०, शनिवार | पुज्य अश्वघोष महास्थविर शुभ जन्मोत्सव सम्पन्न | |
| ४. | २०६६ असार ६, शनिवार | पद्मकीर्ति विहार कमलपोखरीमा प्रव्रज्या दिवस सम्पन्न | श्यामलाल चित्रकार |
| ५. | २०६६ असार २३, मंगलवार | गुरू पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारको धम्महलमा भिक्षु अश्वघोष, भिक्षुणी धम्मवती प्रमुख धर्मकीर्ति विहारमा गुरूमांहरूलाई गुरूपूजा गरिएको | उर्मीला मानन्धर |
| ६. | २०६६ भाद्र १३, शनिवार | पूज्य धम्मवती गुरूमां ७५ वर्ष जन्मोत्सवको उपलक्ष्यमा प्रौढ बौद्ध हाजिरी जवाफ प्रतियोगिता सम्पन्न | रमा कंसाकार |
| ७. | २०६६ भाद्र २०, शनिवार | बाल बौद्ध प्रतिभा प्रतियोगिता | राम कुमारी मानन्धर |
| ८. | २०६६ कार्तिक १५, आइतवार | क्याण्डी बनाउने तालिम | इन्दावती गुरुमा |
| ९. | २०६६ कार्तिक २८, शनिवार | चमेली गुरूमांको ५० वर्षिय प्रव्रज्या दिवसको उपलक्ष्यमा आवश्यक सहयोग | |
| १०. | २०६६ माघ २–८ | प्रव्रज्या शिविर | इन्द्रावती गुरुमा र अमीर कुमारी शाक्य |
| ११. | २०६६ पौष १८, शनिवार | काम नलाग्ने कागजहरूबाट विभिन्न सरसामानहरू बनाउने तालिम | रामेश्वरी महर्जन |

## धर्मकीर्ति बौद्ध पुस्तकालय

## (२०६५ र २०६६) को वार्षिक प्रतिवेदन

*प्रस्तुती- रीना तुलाधर*

धर्मकीर्ति बौद्ध पुस्तकालयको लागि २०६५-भित्र वि.सं. २०३२/३२ मा स्थापित प्राप्त पुस्तकहरू एवं दाताहरूको विवरण

| क्र.सं. | दाताहरू | सहयोग विवरण |
|---|---|---|
| १. | भारतीय राजदूतावास | अंग्रेजी भाषाका ७० वटा पुस्तकहरू<br>हिन्दी भाषाका ५४ वटा पुस्तकहरू |
| २. | श्रीलंका राजदूतावास मार्फत The Corporate Body of the Buddha Educational Foundation Taiwan. | दुई पटक गरी ६० वटा पुस्तकहरू |
| ३. | श्रीलंका राजदूतावास | त्रिपिटकका एक सेट बहुमूल्य पुस्तकहरू |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी आर्थिक प्रतिवेदन

## आर्थिक प्रतिवेदन

*२०६६ चैत्र १४ गते, शनिवार*

*प्रस्तुती- श्यामलाल चित्रकार, कोषाध्यक्ष*

वि.सं. २०६५ साल चैत्र १ गते देखि २०६६ चैत्र १३ गते सम्म सम्मको निम्न विवरणहरू अनुसार जम्मा आम्दानी रू. १४८०३८/७९ मध्ये रू. १३७२२५/७६ खर्च भई रू. १०८१३/०३ वचत भएको छ । रू. १७२२/– भूक्तानि दिन बाँकी छ र बैंक मौज्दात रू. ३०११४४/४९ रहेको छ ।

| क्र.सं. | विवरण | खर्च | आम्दानी | वचत (न्यून) |
|---|---|---|---|---|
| क | कार्यक्रमहरू | | | |
| | १. झोल साबुन तालिम | १२९८/– | २२००/– | ९०२/– |
| | २. वार्षिक भेला २०६५ | १०६१५/– | ५४००/– | (५२१५/–) |
| | ३. वाल बौद्ध चित्रकला | ५१६८/– | ५१६८/– | |
| | प्रतियोगिता | | | |
| | ४. अश्वघोष भन्ते | | | |
| | जन्मोत्सव उपहार | ३०००/– | - | (३०००/–) |
| | ५. प्रव्रज्या दिवस | १२७६१/– | ७८०१/– | (४१६०/–) |
| | ६. गुरू पूजा | ६५००/– | ६५००/– | - |
| | ७. वाल बौद्ध प्रतिभा | २१२६६/– | १८९९१/– | (२२७५/–) |
| | प्रतियोगीता | | | |
| | ८. धम्मवती गुरूमां | | | |
| | जन्मोत्सव उपहार | ३०००/– | | (३०००/–) |
| | ९. प्रौढ बौद्ध हाजिरी | | | |
| | जवाफ प्रतियोगिता | १००३७/– | ८३१५/– | १७२२/– |
| | १०. श्रामणेर र ऋषिणी | ५३७९०/– | ६४७१०/– | १०९२०/– |
| | अल्पकालिन प्रव्रज्या | | | |
| | शिवीर | | | |
| | जम्मा | १२७६३५/– | ११९०८५/– | (८५५०/–) |

| क्र.सं. | विवरण | खर्च | आम्दानी | वचत (न्यून) |
|---|---|---|---|---|
| ख | अन्य आम्दानी खर्च | | | |
| १. | १. छपाई तथा मसलन्द | ५८५०/– | | |
| २. | २. विज्ञापन | ३०००/– | | |
| ३. | ३. ब्याजकर | ७४०/७६ | | |
| ४. | ४. सदश्यता शुल्क | | ४५८०/– | |
| ५. | ५. उपहारस्टक विक्री | | ११५०/– | |
| ६. | ६. व्याज आम्दानी | | २३२२३/७९ | |
| | **जम्मा** | **९५९०/७६** | **२८९५३/७९** | **१९३६३/०३** |
| ग | जम्मा क र ख | १३७२२५/७६ | १४८०३८/७९ | १०८१३/०३ |
| घ | गतवर्षको बैक मौज्दात | २८८६०९/४६ | | |
| | थप यसवर्षको वचत | १०८१३/०३ | | |
| | थप दिनु पर्ने रकम | १७२२/– | | |
| ङ | यस वर्षको बैक मौज्दात | ३०११४४/४९ | | |
| | १. ए.सें.एण्ड क्रे.मु.खाता | | २०००००/– | |
| | २. ए.से.एण्ड क्रे. व. खाता | | ५७६४२/८२ | |
| | ३. ने.वै.लि. व. खाता | | ४३५०१/६७ | |
| च | जम्मा बैक मौज्दात | | ३०११४४/४९ | |



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति संरक्षण कोष सातौं वार्षिक साधारण सभामा प्रस्तुत भएका प्रगति प्रतिवेदनहरू

## धर्मकीर्ति विहार संरक्षण कोष – २०६५/६६ को (वार्षिक प्रतिवेदन)

*प्रस्तुती- सचिव मीना तुलाधर*

| क्र.सं. | मिति | सम्पन्न भएका कार्यक्रम विवरणहरू |
|---|---|---|
| १. | २०६६ चैत्र २१ | वार्षिक साधारण सभा। |
| २. | २०६६ असार १३ | २०६५ सालमा धर्मकीर्ति विहारको तर्फवाट बौद्ध परियत्ति शिक्षाको परीक्षामा, विभिन्न तहमा उर्त्तिण भएका विद्यार्थीहरूलाई धर्मकीर्ति विहारको तर्फबाट पुरस्कार वितरण |
| ३. | २०६६ असार १८-२५ | धम्मवती गुरूमांको ७५ औं जन्मोत्सवको उपलक्ष्यमा साप्ताहिक अभिधर्म पाठ एवं धर्मदेशना |
| ४. | | कोषका धम्मानुशासक भिक्षु अश्वघोष महास्थविरको ८३ औं जन्मोत्सवको उपलक्ष्यमा शुभकामना व्यक्त कार्यक्रम सम्पन्न |
| ५. | २०६६ आश्वीन १५ | दिं रत्नमञ्जरी गुरूमांको पूण्यस्मृतिमा धर्मकीर्ति विहारमा महापरित्राण पाठ। |
| ६. | २०६६ कार्तिक ११ | सुमना गुरूमां रहँदै आउनुभएको किण्डोल स्थित विहार एवं जग्गामा आवत जावत गर्नकोलाई आवश्यक मार्गको व्यवस्था मिलाउने सिलसिलामा हस्ताक्षर र कमिटी विघटन। |
| ७ | २०६६ कार्तिक २८ | कोषका उपाध्यक्ष चमेली गुरूमांको प्रव्रज्या जीवन ५० वर्ष पूरा भएको उपलक्ष्यमा अभिनन्दन कार्यक्रम |
| ८. | २०६६ पौष १० | सुमना गुरूमां रहँदै आउनुभएको किण्डोल विहारको कार्य यो जना गर्न एक कमिटी गठन। |
| ९. | २०६६ कार्तिक ७-१४ | चीनमा संचालित "The Prepatory committee of the first Conference on change on Buddhism" नामक साप्ताहिक कार्यक्रममा कोषका धम्मानुशासक भिक्षु अश्वघोष सहभागी हुनुभएको। |
| १०. | २०६६ फागुण २७-चैत्र २४ | कोषका अध्यक्ष धम्मवती गुरूमांको नेतृत्वमा २६ जनाको टोलिले वर्मा भ्रमण गरेको। |
| ११. | २०६६ फागुण २३-चैत्र ५ | कोषका उपाध्यक्ष धम्मदिना गुरूमांको श्रीलंका भ्रमण |
| १२. | २०६६ बैशाख २ कार्तिक २९ | धर्मकीर्ति विहारमा सह संस्थापिका दो गुणवती गुरूमां वैशाख २ गते नेपाल आउनुभई कार्तिक २९ गते वर्मा फर्कनु भएको थियो। |
| १३. | २०६६ चैत्र १० | धर्मकीर्ति विहारकी दाता दानलक्ष्मी कंसाकार दिवंगत हुनुभएको ले उहाँको गुणानुस्मरण गरी श्रद्धाञ्जली सभाको आयोजना। |



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति विहारको सम्बन्धन प्राप्त विहारहरूको प्रगति प्रतिवेदन (२०६६ साल)

**विहारको नाम- निर्वाण मूर्ति, किम्डोल विहार**

*२०६६ चैत्र २१ गते, शनिवार;   प्रस्तुती- धम्मविजया गुरूमां*

| क्र.सं. | मिति | कार्य | स्थान |
|---|---|---|---|
| १. | २०६६ बैशाख१ | नित्य संघदान | किण्डोल विहार निर्वाणमूर्ति |
| २. | प्रत्येक महिनाको त्रयोदशी | मासिक बुद्धपूजा कार्यक्रम | किण्डोल विहार निर्वाणमूर्ति |
| ३. | २०६६ जेठ पूर्णिमा | महासमय सूत्र पाठ, दीप प्रज्वन | किण्डोल विहार निर्वाणमूर्ति |
| ४. | प्रत्येक महिनाको पूर्णिमा | धर्मदेशना एवं ध्यान | किण्डोल विहार निर्वाणमूर्ति |
| ५. | असार महिनाको चौथी, पञ्चमी, सप्तमी | २४ जना गुरूमांहरूको तर्फबाट ३६ घण्टा सम्म अभिधर्म पट्ठान पाठ | किण्डोल विहार निर्वाणमूर्ति |
| ६. | श्रावण भाद्र | एकमहिना ध्यान, धर्मदेशना | किण्डोल विहार निर्वाणमूर्ति |
| ७. | कार्तिक १५ | संघाराम विहारमा कठिन चीवर दान | संघाराम विहार ढल्को |
| ८. | बालाचःऱ्हे | दिनभर मैत्री सूत्रपाठ | किण्डोल विहार निर्वाणमूर्ति |
| ९. | असार २२ गते | ५ जना वालिकाहरूलाई श्रामणेरी प्रव्रज्या | किण्डोल विहार निर्वाणमूर्ति |
| १०. | | बुद्ध हल पुनः निर्मित (दाता द्रव्यमान सिंह तुलाधर सपरिवारको सहयोगबाट) | किण्डोल विहार निर्वाणमूर्ति |
| ११. | | दोगुणवतीगुरूमां र धम्मवती गुरूमांको अध्यक्षतामा प्रव्रजित गुरूमांहरूको लागि धर्म प्रचारको तालिम (मीन वहादुर शाक्यको नेतृत्त्वमा) | किण्डोल विहार निर्वाणमूर्ति |
| १२. | | निर्वाण मूर्ति किण्डोल विहारको लाल पूर्जा विहारकै नाममा प्राप्त | किण्डोल विहार निर्वाणमूर्ति |

(२) **विहारको नाम- पद्मकीर्ति विहार,** (२०६६ साल)

**कमल पोखरी**

*प्रस्तुती- ध्यानवती गुरूमां*

| क्र.सं. | मिति | कार्य प्रगति विवरण |
|---|---|---|
| १ | प्रत्येक शनीवार | बुद्ध पूजा, धर्मदेशना, |
| २ | गुँला पर्व १ महिना | बुद्ध पूजा धर्मदेशना परित्राण पाठ, ध्यान भावना, भन्ते गुरूमांहरूलाई भोजन |
| ३ | समय समयमा | ऋषिनी प्रव्रज्या |
| ४ | मंसीर २१ गते | कमाल गुरूमांको जन्मदिनको उपलक्षयमा ज्ञानमाला भजन गुरूमांहरूको तर्फबाट महापरित्राण पाठ |

(३) **विहारको नाम– सुलक्षण कीर्ति विहार, चोभार** (२०६६ साल)

*प्रस्तुती– अतुला गुरूमां*

| क्र.सं. | मिति | प्रगति कार्य विवरण |
|---|---|---|
| १ | प्रत्येक महिनाको औंशी पछिको परेवाको दिन | बुद्ध पूजा, धर्मदेशना |
| २ | प्रत्येक महिनाको २ पटक परेवाको दिन | स्वास्थ्य क्लिनिक संचालन गरी विहारमा आउनु हुने उपासकोपासिकाहरूलाई स्वास्थ्य जाँच |
| ३ | समय समयमा | काठमाडौं र वाहिर स्वास्थ्य सेवा र धर्मदेशना कार्यक्रमहरूको आयोजना |
| ४ | फागुण | ६० जवान भन्दा बढि उपासकोपासिकाहरू सहभागी भएको एक टोली लिई बन्दीपुर जिल्लामा गई धर्मप्रचार कार्य संचालन |
| ५ | | बुद्ध प्रतिमा मर्मत गरी पर्खाल र ब्लगको कार्य संचालन भइरहेको निकट भविष्यमा नै उद्घाटन कार्यको थालनी हुने |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ६ | | सुलक्षण कीर्ति विहार BLIA Nepal Chapter को संयुक्त प्रयासमा "सुगत सन्देश" पत्रिका समय समयमा प्रकाशन भइरहेको |
| ७ | | BLIA कै सक्रियतामा माष्टर सिनयुङ्ग द्वारा लिखित विभिन्न ज्ञानवर्धक पुस्तकहरू अनुवाद सहित प्रकाशन वृद्धाश्रम, अस्पताल बनाउनका लागि विहार नजिकैको २६ रोपनी जग्गा नेपाल नेपाल सरकारको तर्फबाट विहारको नाममा पास गरिसकेको । |
| ८ | (माघ २५– फागुण १,) | बालबालिकाहरूलाई अल्पकालिन श्रामणेर एवं ऋषिनी प्रव्रज्या कार्यक्रम अन्तर्गत ७ देखि १५ वर्ष सम्मका जम्मा ५० जना बालवालिकाहरूलाई श्रामणेर एवं ऋषिनी प्रव्रज्या । |
| ९ | प्रत्येक शनीवार | बौद्ध परियति शिक्षाको कक्षा संचालन |

**(४) विहारको नाम– धर्मकीर्ति बसुन्धरा विहार, वसुन्धरा, डोल ।**

**प्रगति प्रतिवेदन** (२०६६)

*प्रस्तुती- कुसुम गुरूमां*

| *क्र.सं.* | *प्रगति कार्य विवरण* |
|---|---|
| १ | प्रत्येक तृतीयाको दिन बुद्ध पूजा र धर्म देशना |
| २ | गुंला पर्व एक महिना धर्म देशना |
| ३ | प्रत्येक हप्तामा सामूहिक ध्यान भावना |
| ४ | एक दिवसीय ध्यान शिविर |
| ५ | बाल ध्यान शिविर |
| ६ | ऋषिनी प्रव्रज्या |
| ७ | बौद्ध परियत्ति शिक्षा संचालन |

## धर्मकीर्ति ज्ञानमाला भजनलाई आर्थिक सहयोग

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

(क) विभिन्न स्थानहरूबाट प्राप्त रकम – रू ८६,७३८/-

(ख) कोषबाट खर्च – रू. ८१,८९६/-

वचतमा – रू. ५,३००/-

११२४ खातामा जम्मा – रू. १,८७,१९६/-

मु. नं. २००३७ – रू. १,००००० /-

मु. नं. १३६३ – रू. ५०,००० /-

मु. नं. १२९६ – रू. १,००००० /-

मु. नं. ५००११ – रू. ५०,०००/-

(ग) जम्मा वचत – रू. ५,३००/-

(घ) धर्मकीर्ति भजनमाला

C.D. या खर्च – रू. ९६,६६५ /-

(ङ) विविध खर्च – रू. ३४८६ /-

(च) यी बाहेक कोषाध्यक्ष श्याममान वज्राचार्यले आफ्नो निजि खर्चबाट ज्ञानमाला भजन विविध (ट्याक्सी, फ्रेम आदि)

(छ) खर्च – फ्रेम ४ वटा – रू. ३,४००/-

(ज) विविध – रू. १३६५/-

जम्मा – रू. ४७६५/-

यी सबै खर्च श्याममान वज्राचार्यबाट व्यहोर्ने वचन प्राप्त भएको छ ।

**यसवर्ष सामान चन्दा दिनुहुने दाताहरू–**

(झ) नीलशोभा तुलाधरबाट चाँदीको फ्रेम लोगो एउटा स्पोन्सर गर्नुभए रू. ८५०/-

(ञ) नीलशोभा तुलाधरको तर्फबाट C.D. प्लेयर १ थान रू. १४,००० /-

(ट) बुद्धरत्न महर्जनको तर्फबाट माइक २ वटा रू. १६००/-

**विभिन्न स्थानहरूबाट चन्दा दिई सहयोग गरिएको विवरण–**

(ठ) त्रिरत्नकीर्ति विहार रू. ५५५५/-

(ड) सतुंगल विहार निर्माण कार्य रू. १३, २०७/-

(ढ) त्रिरत्नकीर्ति विहार - भगवान ढुलाइकार्यको लागि रू. ५,००५/-

## धर्मकीर्ति बुद्धपूजा समूह

**प्रगति प्रतिवेदन** (२०६६)

*प्रस्तुती- धनबहादुर नकर्मी*

धर्मकीर्ति विहार स्थापनाकाल देखि बुद्ध शिक्षा जनमानसमा प्रचार गरी उनीहरूको जीवन सुधार्ने कार्यमा सहयोग पुऱ्याउने हेतुले प्रत्येक महिनाको संक्रान्ति २ पटक अष्टमी, औंशी र पूर्णिमाको दिन गरी महिनाको पाँचपटक, धर्मकीर्ति विहारको धम्महलमा बुद्धपूजा र धर्मदेशना कार्यक्रम नियमित रूपले संचालन भइरहेको छ ।

अमिस पूजाको तर्फबाट आफ्नो शुद्ध श्रद्धा बुद्ध धर्म र संघलाई अर्पण गरी धर्मदेशना श्रवणको तर्फबाट आचरण शुद्ध पार्दै बुद्ध शिक्षा सम्वन्धी ज्ञानवद्धर्क कुराहरू सुनी जीवन सुधार्ने मौका प्रदान भइरहेको छ । यस प्रशंसनीय कार्यको लागि विहार प्रमुख धम्मवती गुरूमां एवं अन्य गुरूमांहरू प्रति साधुवाद प्रकट गर्दछौं । किनभने उहाँहरूको तर्फबाट बुद्ध धर्म चिरस्थाई गर्न बलियो योगदान प्रदान भइरहेको छ । अन्तमा बुद्धपूजा र धर्मदेशनाबाट मानिसहरूको आचरण शुद्ध भई उनीहरूले सांसारिक दुःखबाट मुक्त हुने मार्ग सकेसम्म सिघ्र प्राप्त गर्न सकुन् ।



Downloaded from http://www.dhamma.digital

## धर्म प्रचार — समाचार

### २५५४ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा नेपालका विभिन्न स्थानहरूमा विभिन्न कार्यक्रमहरू सम्पन्न

२५५४ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा विभिन्न रोचक कार्यक्रमहरू संचालन गरी भव्यताका साथ बुद्ध जयन्ती मनाएका समाचारहरू प्राप्त भएनुसार तल उल्लेख गरिएका छन् –

**आनन्दकुटी विहार स्वयम्भू, काठमाडौं**

बुद्ध जयन्ती समारोह समितिको आयोजनामा संचालित यस दिनको कार्यक्रम प्रधानमन्त्री माधव कुमार नेपालको प्रमुख आतिथ्यमा सम्पन्न गरिएको थियो ।

प्रमुख अतिथिको आशनबाट सम्बोधन गर्नु हुँदै प्रधानमन्त्री नेपालले बुद्ध शिक्षालाई हामी सबैले अनुशरण गर्न सके हिंसा अन्त्य हुने विश्वास व्यक्त गर्नु भएको थियो यही क्रममा उहाँले बुद्ध शिक्षालाई अझै व्यापक बनाउन यसलाई आधार बनाएर पर्यटन विकास गर्न सरकारले स्वयम्भू, लुम्विनी लगायतको क्षेत्रको विकासमा विशेष महत्व दिएको जानकारी पनि दिनुभएको थियो ।

उक्त कार्यक्रममा नेपालका लागि श्रीलंकाका राजदूत ठोसापाला हेवागे र थाइलैण्डका राजदूत मारिस सांगिया म्योडन्साले पनि बुद्ध दर्शनको महत्त्ववारे प्रकाश पार्नु भएका थिए। दर्शनको महत्त्ववारे प्रकाश पार्नुभएका थिए। समाचार अनुसार उक्त अवसरमा श्रीलंकाका राजदूतले बुद्धको अस्थिधातु श्रीलंका चैत्यस्थल देखि शिरमा राखी सर्वसाधारणको दर्शनको लागि राखिने मण्डपसम्म पुऱ्याउनु भएको थियो । सो अस्थिधातु बुद्ध पूर्णिमाको दिन मात्र सर्वसाधारणको दर्शनका लागि मण्डपमा राखिने गरिन्छ ।

भिक्षु अश्वघोष महास्थविरको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा भिक्षु संघ तथा उपासका उपासिकाहरूबाट सामूहिक बुद्धपूजा गरिएको थियो । कार्यक्रममा समितिका उपाध्यक्ष भिक्षु धम्म मूर्तिले बुद्ध धर्मदेशना गर्नु भएको थियो ।

**श्रीघः ज्ञानमाला भजन खलः श्रीघः नःघः काठमाडौं**

श्रीघ: ज्ञानमाला भजन खल: ले २५५४ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा साप्ताहिक भजन कार्यक्रमको आयोजना गरिएको थियो । भजन खल:ले भजनको साथसाथै धर्मदेशना, बुद्धपूजाका साथै बाजा गाजाका साथ बुद्ध मूर्ति गाडीमा सजाई नगर परिक्रमा पनि गरिएको थियो भने यसदिन बेलुकी भजन र दीपावली पनि गरिएको थियो ।

**कुसुमवियालाक्षी काठमाडौं**

यसदिन रत्नकुसुम परिवार, कुसुम जुनियर क्लव र नेपाल रेडक्रस सोसाइटी महाबौद्धको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न गरिएको थियो। यस कार्यक्रममा ६० जना रक्तदाताहरूले रक्तदान गरेको कुरा बुझिएको छ ।

रत्नकुसुम परिवारबाट जेष्ठ नागरिकको सम्मान कार्यक्रम पनि संचालन गरिएको थियो । उक्त कार्यक्रममा नेपालभाषा परिषदका प्रमुख फणिन्द्र रत्न वज्राचार्य, गायक भृगुराम श्रेष्ठ, लगायत चालीस जना (४०) जेष्ठ नागरिकहरूलाई सम्मान गरिएको थियो । जेष्ठ नागरिकहरूलाई खादा ओढाई बुद्ध मूर्ति प्रदान गरिएको थियो । टोलमा जेष्ठ नागरिकहरूको योगदानलाई कदर गरी उक्त कार्यक्रम संचालन गरिएको कुरा बुझिन आएको छ ।

**नेवाः जागरण मञ्च**

नेवा: जागरण मंञ्चले स्वयम्भू महाचैत्यमा निशुल्क स्वास्थ्य शिविर संचालन गरेको थियो। वरिष्ठ स्वास्थयकर्मीहरू, सरोज वज्राचार्य, सत्या श्रेष्ठ, राज्यलक्ष्मी महर्जन, मंजिता वज्राचार्य, र स्वास्थ्य सेवक यज्ञवहादुर नकर्मी आदिले ५० जना व्यक्तिहरूलाई स्वास्थ्य सेवा पुऱ्याउनु भएको उक्त कार्यक्रममा विभिन्न औषधी पनि वितरण गरिएको थियो । उक्त शिविरलाई जोनसन एण्ड जोनसन, र हिमालय हर्वलको तर्फबाट औषधी सहयोग स्वरूप प्रदान गरिएको कुरा पनि बुझिन आएको छ । शिविरमा ५०० जना भन्दा बढी व्यक्तिहरूले ब्लड प्रेशर जाँच गराई सेवा प्राप्त गरेको थिए ।

**ललितपुर युवक बौद्ध मण्डल–**

युवक बौद्ध मण्डल नेपाल विपश्यना ध्यान उपसमितीको आयोजनामा एकदिने विपश्यना ध्यान शिविर संचालन गरिएको थियो । केन्द्रिय उपचार सचिव र ध्यान उपसमिटीको संयोजक भाइराजा शाक्यको संयोजकत्त्वमा संचालित उक्त शिविरमा ४९ जना सदस्यहरू सहभागी भएका थिए । उक्त ध्यान शिविर वरिष्ठ सहायक आचार्य राजरत्न धाख्वाले संचालन गर्नुभएको थियो ।

गोठाटारको आशापुरी सामूहिक सुधार समाजले बुद्ध जयन्तीको अवसरमा अन्तर्क्रिया कार्यक्रम गरेको



Downloaded from http://www.dhamma.digital

समाचार छ । यसरी नै वृद्ध-वृद्धा सेवा समिति ठेचो ललितपुरले स्थानीय १६४ जना जेष्ठ नागरिकलाई सम्मान गरेको समाचार छ। उक्त कार्यक्रम ७७ वर्ष ७ महिना र ७ दिन पार गरेका जेष्ठ नागरीकहरूलाई बुद्ध मूर्ति उपहार दिई सम्मान गरिएको कुरा बुझिएको छ ।

धम्म साकच्छा संघ ह:खाले पाटन दरवार क्षेत्रमा आयोजना गरेको “शान्तिको खोजीमा लुम्बिनी” शीर्षक अन्तर्गत दुइ दिने वृहत फोटो प्रदर्शनी सम्पन्न गरेको समाचार छ । उक्त प्रदर्शनीमा फोटोग्राफ सानुराज शाक्यको करीव ५० वर्ष अधि देखिको लुम्बिनीका करीब ३ सय फोटो प्रदर्शनीमा राखिएको कुरा बुझिएको छ ।

**भक्तपुर–**

श्री सत्संघ समूह र बुद्ध धर्म प्रचार प्रसार समिति लोकन्थलीले विश्व शान्ति पूजा र शान्तिपथ र्‍याली गरेको समाचार छ । मुलुकमा भइरहेको अशान्ति हटोस् भन्ने शान्ति कामना गरी उक्त कार्यक्रम संचालन गरिएको कुरा बुझिएको छ ।

**बौद्ध समकृत विहार भक्तपुर–**

भिक्षु धम्मसोभन महास्थवीरको प्रमुखत्त्वमा बुद्ध पूजा कार्यक्रम सम्पन्न । यो भन्दा पहिला विहान प्रभातफेरि कार्यक्रम संचालन गरिएको थियो ।

यसरी साथै दीपावली, विपश्यना सम्वन्धी धर्मोपदेश भिडियो देखाउने कार्यक्रम पनि संचालन गरिएको थियो । शान्तिको लागि बुद्ध धर्म र संघ गुण स्मरण गर्दै मैन वत्ति यात्रा, बुद्ध मूर्ति, बाजागाजा र ज्ञानमाला सहित शान्तिपद यात्रा सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा अनुसन्धानकर्ता सुरेशज्योति शाक्यको तर्फबाट धर्म दीप महाविहारमा बुद्ध जीवनी तथा विभिन्न पुरातात्त्विक महत्त्व भएका तस्विर प्रदर्शनी कार्यक्रम पनि संचालन गरिएको थियो ।

**रूपन्देही –**

बुद्धको पवित्र जन्मभूमी लुम्बिनी जाऔं बुद्ध जयन्ती तथा लुम्विनी दिवस भव्य रूपमा मनाऔं भन्ने मूल नाराका साथ लुम्बिनीमा २५५४ औं बुद्ध जयन्ती मनाइएको समाचार छ। बुद्ध जयन्ती मूल समारोह समितिद्धारा आयोजित उक्त कार्यक्रममा श्रीलंका, थाइलैण्ड, कम्वोडिया, चीन, जर्मनी, भियतनाम र भारत लगायत अन्य १५ मुलुकका भिक्षुहरूको सहभागिता रहेको कुरा समाचारमा उल्लेख गरिएका छन् ।

साँस्कृतिमन्त्री मीनेन्द्र रिजालले भगवान् बुद्धको मूर्तिमा खादा ओढाई उद्घाटन गर्नु भएको उक्त कार्यक्रममा नेपाल लगायत अन्य मुलुकका १९ जना भिक्षु भिक्षुणीलाई सम्मान गरिएको कुरा पनि समाचारमा उल्लेख गरिएको छ। मन्त्री रिजालले लुम्बिनीलाई धार्मिक र आध्यात्मिक पर्यटकीयस्थलका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुहुँदै लुम्बिनी र यहाँ जन्मनुभएका गौतम बुद्धको महिमा विश्वसामु प्रचारप्रसार गर्न नसकिएको स्वीकार गर्नुहुँदै यसलाई अन्तर्राष्ट्रिय रूपमा प्रचार गर्न सबै एकजुट भएर लाग्नु पर्नेकुरा बनाउनु भएको थियो। लुम्बिनी विकास गुरूयोजना अन्तर्गत लुम्बिनी क्षेत्रमा जनताका लागिविशेष राहत कार्यक्रम ल्याउने तयारीमा रहेको कुरा मन्त्री रिजालले बताउनु भएको थियो ।

कार्यक्रममा लुम्बिनी विकास कोषका उपाध्यक्ष आचार्य कर्मा साङबो शेर्पाले पर्यटन वर्ष २०११ ले लुम्बिनी क्षेत्रलाई अन्तर्राष्ट्रिय रूपमा चिनाउने दाबी गर्नुभएको थियो ।

**धरान १२, सुनसरी–**

स्वयम्भू चैत्य महाविहार धरान-१२ ले जेठ ७-१३ सम्म विभिन्न कार्यक्रम सहित साप्ताहिक कार्यक्रम भव्यतामा साथ सम्पन्न गरेको समाचार छ ।

कार्यक्रमका मूल संयोजक सन्दिप शाक्य र भिक्षु नायकको आतिथ्यमा संचालित उक्त कार्यक्रममा बुद्धपूजा, प्रभातफेरी, सरसफाई, ध्यान शिविर, सम्यक भजन, शान्ति दीप यात्रा, नगरपरिक्रमा, भिक्षु नायकबाट धर्मदेशना, रक्तदान, कल्पवृक्ष दान, दापा भजन आदि कार्यक्रम संचालन गरिएको कुरा समाचारमा उल्लेख गरिएको छ । यसको साथै जेठ १३ गते बली प्रथा अन्त्य गरौं भन्ने नारा सहित धरान नगर पालिकाको पहलमा पम्पलेट, ब्यानर, झण्डा सहित जनचेतना अभियान कार्यक्रमको पनि आयोजना गरिएको थियो । यहीदिन आ-आफ्नो जातीय भेषभुषा, बाजागाजाका साथ नगरपरिक्रमा कार्यक्रमको आयोजना गरी नगर परिक्रमा पश्चात् बुद्धपूजा भिक्षु नायकबाट धर्मदेशना कार्यक्रममा संयोजकहरूलाई प्रशंसा पत्र, सहयोगी दाताहरूलाई मायाको चिनो वितरण गरिएको थियो ।

**तानसेन पाल्पा –**

बुद्ध जयन्ती मूल समारोह समिति तानसेन पाल्पाको सक्रियतामा एवं समन्वयमा पाल्पाको ७ वटा बुद्ध विहार हरूमा रहेका विभिन्न बौद्ध संघ संस्थाहरूको आयोजनामा जेठ (८-१३) ६ दिवसीय कार्यक्रमको आयोजना गरी धुमघामसाथ बुद्धपूर्णिमा महोत्सव मनाइएको समाचार छ ।

उक्त कार्यक्रममा प्रभातफेरी, ज्ञानमाला भजन बुद्धपूजा,भिक्षु ज्ञानेन्द्रबाट धर्मदेशना, हाजिर जवाफ प्रतियोगिता, बुद्ध मूर्ति सिंगारिएको रथमा राखी धिमे बाजा, र अन्य बाजा सहित बिभिन्न बौद्ध, संघ संस्थाहरूबाट नगर परिक्रमा, दीपावली, विपश्यना ध्यान, बौद्ध झण्डोत्तो



Downloaded from http://www.dhamma.digital

लन गरिएको थियो। यसरी नै ज्ञानमाला संघ आनन्द विहार मा "बुद्धको शिक्षा आजको आवश्यकता" विषयमा मा.वि. स्तरिय वक्तृत्त्वकला प्रतियोगिता सम्पन्न गरिएको थियो । ज्ञानमाला संघकै आयोजनामा उक्त बिहारमा छत्रराज शाक्यबाट चार आर्यसत्य विषयमा धम्म साकच्छा कार्यक्रम सम्पन्न गरिएको थियो ।

यसरी नै धर्मचक्र महाविहार वडीज्ञानटोलमा चुडाकर्म ब्रतबन्ध संघ र धर्मचक्र युवा संघको आयोजनामा बिहान ज्ञानमाला भजन, शील प्रार्थना र बुद्ध, पूजा कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा जीनवती गुरूमांले धर्मदेशना गर्नुभएको थियो ।

यसरी नै चित्रकला प्रतियोगिता, ज्ञानमाला भजन शील प्रार्थना, बुद्धपूजा, बौद्ध भजन संग्रह भाग २ सि.डी. बिमोचन, नेत्रदान, शैक्षिक सामग्री वितरण, छत्रराज, शाक्यबाट प्रवचन, दृष्टि विहिन विद्यार्थीहरूलाई भोजन, चम्पावती गुरूमांबाट धर्मदेशना, अस्पतालका विरामी-हरूलाई फलफुल वितरण, शान्तीदीप यात्रा आदि कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

**नगदेश बौद्ध समूह, थिमी–**

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा २५५४ औं बुद्ध पूर्णिमा महोत्सव बुद्धपूजा र धर्मदेशना गरी मनाइएको समाचार छ । केशावती गुरूमांको र श्रीलंकाबाट आउनुभएका धम्मदिन्ना गुरूमांको प्रमुख अतिथ्यमा संचालित यस कार्यक्रममा केशावती गुरूमांले धर्मदेशना गर्नुभएको थियो भने उपासक कृष्ण कुमार प्रजापतिले बुद्ध पूर्णिमाको महत्त्ववारे चर्चा गर्नुभएको थियो । समूहका अध्यक्ष न्हुच्छे कुमार सिंके मनज्यूका अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कोषाध्यक्ष राम भक्त हाँयूजुले स्वागत मन्तव्य व्यक्त गर्नुभएका थिए र बौद्ध ल्याय्म्ह पुचःनगदेशका अध्यक्ष शिवभक्त मेजुले धन्यवाद ज्ञापन गर्नुभएको थियो । दिउँसो बुद्ध मूर्ति खतमा राखी विभिन्न साँस्कृतिक बाजागाजाका साथ ज्ञानमाला भजन प्रस्तुत गर्दै नगर परिक्रमा गरिएको समाचारमा उल्लेख गरिएको छ ।

**विश्वशान्ति विहार मीनभवन काठमाडौं–**

विश्वशान्ति विहार प्रमुख भिक्षु ज्ञानपूर्णिक महास्थविरको धर्मानुशासकत्त्व, भिक्षु निग्रोध स्थविरज्यूको प्रमुख आतिथ्य एवं समारोह समितिका अध्यक्ष दुर्गा प्र. शाक्यको सभापतित्त्वमा धार्मिक सभा सम्पन्न गरिएको थियो । साप्ताहिक रूपले सम्पन्न बुद्ध जयन्ती समारोहमा बानेश्वर क्षेत्रमा धर्मप्रचारार्थ ४० जना भिक्षु श्रामणेर हरूबाट भिक्षाटन, वानेश्वर क्षेत्रव्यापी अन्तर मा.बि. स्तरीय वादविवाद प्रतियोगिता, संचालन गरिएको थियो । धार्मिक सभा शुरू हुनु अगाडि बुद्ध प्रतिमा रथमां राखी बाजागाजा एवं ज्ञानमाला भजन सहित विभिन्न विद्यालयबाट सहभागी शिक्षक शिक्षिका, बिद्यार्थीहरू, स्काउट एवं अन्य उपासक उपासिकाहरूद्धारा वानेश्वर क्षेत्रमा शोभायात्रा संचालन गरिएको थियो ।

कार्यक्रममा भिक्षु उदयभद्रबाट पञ्चशील प्रार्थना गराउनुभई भिक्षु निग्रोधले धर्मदेशना गर्नुभएको थियो । रक्तदान र नेत्रदान कार्यक्रम समेत संचालित उक्त कार्यक्रम भीम शाक्यले संचालन गर्नु भएको थियो ।

यसरी नै मुलकमा शान्ति र सद्भावनाको कामना गर्दै विराटनगर, झापा हेटौंडा आदि स्थानमा शान्ति ऱ्याली निकाली नगर परिक्रमा गरेको समाचार छ ।

मेचीनगर १० स्थित फारसाङ्ग नाम्दाग गेफेलिङ्ग गुम्बा, रूकुमस्थित खलंगा बजारमा पनि बुद्ध पूर्णिमा हर्षोल्लासका साथ मनाइएको समाचार प्राप्त भएको छ ।

## अन्तर्राष्ट्रिय शान्ति पुरस्कार घोषणा

२५५४ औं बुद्ध पूर्णिमाको अवसरमा २०६७ जेठ १३ गते विहीबार सरकारले गौतम बुद्ध अन्तर्राष्ट्रिय शान्ति पुरस्कारको घोषणा गरेको समाचार छ ।

लुम्बिनीमा आयोजित कार्यक्रममा सँस्कृति मन्त्री मीनेन्द्र रिजालले २५५५ औं बुद्धजयन्तीको अवसरमा सो पुरस्कार प्रदान गरिने विषयमा बताउनु भएको कुरा बुझिन आएको छ । उक्त पुरस्कारको राशि ५० हजार अमेरिकी डलर रहेको कुरा पनि समाचारमा उल्लेख गरिएको छ । संयुक्त राष्ट्र संघका पूर्व उपमहासचिव कुलचन्द्र गौतमको संयोजकत्त्वमा पाँच सदस्यीय छनोट समिति गठन भएको कुरा थाहा हुन आएको छ । उक्त समितिका सदस्यमा सरकारका पूर्वमुख्य सचिव डा. विमलप्रसाद कोइराला, लुम्बिनी बिकास कोषका उपाध्यक्ष आचार्य कर्मा साङवो शेर्पा, चित्रकार उर्मिला गर्ग र गायिका आनि छोइङ डोल्मा रहनु भएका छन् । पुरस्कारबाट सम्मानित हुने व्यक्तिको नाम आगामि वर्ष २०११ जनवरीमा घोषणा गरिने कुरा कोषले जनाएको छ। पुरस्कार पाउने व्यक्तिका लागि सरकारले चारवटा सर्त राखिएको कुरा पनि समाचारमा उल्लेख गरिएका छन–

विश्वशान्ति, अहिंसाका लागि महत्त्वपूर्ण योगदान, विश्व मानव ऐक्यवद्धताका लागि योगदान, लुम्बिनी र बुद्धको महिमालाई अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गर्ने व्यक्ति वा संस्था, मानवका दुःख, द्धन्द, अहिंसा रोक्नका लागि योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई सो पुरस्कार



Downloaded from http://www.dhamma.digital

दिइने कुरा खुलाइएको छ ।

**भिक्षु बुद्धघोष महास्थविरको ९० वर्षिय जन्मोत्सवको उपलक्ष्यमा अल्पकालिन दुर्लभ श्रामणेर प्रव्रज्या**

*२०६७ जेठ १८ गते, मंगलवार*

*श्री सुमंगल विहार बौद्ध संघ ललितपुर ।*

संघनायक अग्गमहा सद्धम्मजोतिक धज, नेपाल बौद्ध परियत्ति शिक्षाका आजीवन शिक्षापद पूज्य भिक्षु बुद्धघोष महास्थविर ९० वर्ष पूरा भएको उपलक्ष्यमा सुमंगल विहार ललितपुरमा भिक्षुमहासंघको तर्फबाट दिनभर महापरित्राण पाठ सम्पन्न गरिएको थियो । यसको साथै प्रव्रजित भिक्षु गुरुमांहरूलाई जलपान भोजन दान गरिएको थियो। उक्त दिन निशुल्क स्वास्थ शिविर पनि संचालन गरिएको थियो ।

यसरी नै जेठ १९ गते सुमंगल विहारमा ४४ जना कुलपुत्रहरूलाई अल्पकालिन दुर्लभ प्रव्रज्या गरिएको थियो । उक्त कार्यक्रममा श्रीलकांका राजदूत र म्यानमारका राजदूतको पनि उपस्थिती रहेको थियो ।

प्रव्रज्या कार्यक्रम पश्चात् ती ४४ जना श्रामणेर हरूलाई विभिन्न बाजागाजा सहित थुप्रै उपासको पासिकाहरूको समूहले सुमंगल विहारबाट अन्तर्राष्ट्रिय भावना केन्द्र संखमूलमा पुऱ्याइएका थिए। जेठ १९ गते देखि १० दिन सम्म श्रामणेरहरू सतिपट्ठान विपश्यना ध्यान भावनाको अभ्यास गराई ३० गतेका दिन उक्त कार्यक्रमको समापन गरिएको थियो । ४४ जना श्रामणेरहरू मध्ये काठमाडौं महानगर पालिकाका भू.पू.मेयर केशव स्थापित र नेपा-राष्ट्रिय पार्टीका केन्द्रीय अध्यक्ष डा. केशवमान शाक्य पनि रहनु भएको कुरा बुझिएको छ ।

**पुरस्कार वितरण**

*धरान, सुनसरी, जेठ १५ शनीवार ।*

नेपाल बौद्ध परियत्ति शिक्षाको २०६६ माघ ९ गते भएको परिक्षामा उर्तिण हुने विद्यार्थीहरूलाई २५५४ औं बुद्ध जयन्तीको अवसरमा सम्यक शिक्षा बौद्ध परियत्ति केन्द्रबाट जेठ १५ गते शनिबारका दिन पुरस्कार वितरण गरियो ।

बुद्ध जयन्ती समारोह समितिका मुल संयोजक सन्दिप शाक्यको सभापतित्वमा भएको कार्यक्रममा विभिन्न श्रेणीमा उर्तिण हुने २८ जना विद्यार्थीहरूलाई भिक्षु नायक ज्यूबाट धर्म देशना सहित पुरस्कार वितरण गरिएको थियो ।

उक्त परिक्षामा पूर्वाञ्चल ज्ञान चक्षु विद्यालय, धरानका दृष्टी विहिन विद्यार्थी, सुकुम्बासी बस्तीमा रहेका सम्यक शिक्षा प्राथमिक विद्यालयका विद्यार्थी र सम्यक शिक्षा समूहका सदस्यहरूले भाग लिएका थिए । सम्यक शिक्षा बौद्ध परियति केन्द्र, धरानका केन्द्र विद्या शाक्यले संचालन गर्नु भएको कार्यक्रममा विश्व शान्ति विहार काठ्माडौंका उपासक ओभासो शाकय र प्रतिक शर्माको पनि विशेष उपस्थिती रहेको थियो । साथै सोही अवसरमा श्री स्वयम्भू चैत्य महाविहार धरानका उपासिकाको तर्फबाट भिक्षु नायक ज्यूलाई अष्ट परिस्कार दान गरिएको थियो ।

**मैत्री वोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना**

*२०६७ ज्येष्ठ ७ गते, शुक्रवार ।*

*स्थान- मैत्री बोधिसत्त्व विहार, जमल ।*

मैत्री बोधिसत्त्व विहारमा सञ्चालित मासिक बुद्ध पूजा कार्यक्रममा यस दिन धम्मवती गुरूमांले पञ्चशील प्रार्थना गराउनु भई बुद्धपूजा र धर्मदेशना गर्नु भएको थियो। स्वयम्भू ज्ञानमाला भजन खल:ले भजन प्रस्तुत गर्नु भएको उक्त कार्यक्रममा पूर्णहिरा पुच: धर्मकीर्ति विहारको तर्फवाट जलपानको व्यवस्था मिलाउनु भई पूण्य सञ्चय गरिएको थियो ।

**हस्तकला तालिम सम्पन्न**

*२०६७ जेठ १ गते, शनिवार*

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिका सदस्यहरूलाई प्रशिक्षक सरोज मानन्धर र सिन्द्रिला मानन्धरहरूबाट हस्तकला तालिम प्रशिक्षण दिइएको थियो ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ३९ औं वर्षिय वार्षिकोत्सवको उपलक्ष्यमा गोष्ठीले आयोजना गरिएको उक्त तालिम कार्यक्रममा प्रशिक्षकहरूले कपडाको फूल, स्तकिङ्गको फूल, काम नलाग्ने कागजहरूबाट फूलदान, पेनहोल्डर आदि विभिन्न रोचक सरसमानहरू बनाउने प्रशिक्षण दिनुभएका थिए । उक्त प्रशिक्षणमा २० जना प्रशिक्षार्थीहरूले भाग लिनुभएका थिए । प्रशिक्षणमा बनाइएका विभिन्न सरसमानहरू गोष्ठीको ३९ औं जन्मोत्सवका उपलक्षमा आयोजित प्रदर्शनीमा विक्री गरिएको थियो ।

**श्री रत्न कीर्ति बौद्ध विहार भवन शिलान्यास**

*२०६७ वैशाख १५ गते । स्थान- हरिसिद्धि, ल.पु.*

यसदिन दाता श्री रत्न कुमारी शाक्यले ल.पु.जि. हरिसिद्धि गा. वि. स. वडा . नं २/ख सितापाखा क्षेत्रको कित्ता नं. ५३२ को दश आना जग्गा प्रस्तावित श्री रत्नकीर्ति बौद्ध विहार निर्माण गर्नको लागि दान गर्नुभएको समाचार प्राप्त भएको छ । उक्त विहारकी दाता रत्न कुमारीकै छोरी जयवती गुरूमां (हाल धर्मकीर्ति विहारमा रहँदै आउनुभएकी) को संरक्षकत्त्वमा चलाउने योजना रहेको कुरा पनि उक्त समाचारमा उल्लेख भएकोछ ।



Downloaded from http://www.dhamma.digital



*विहार जग्गा दाता रत्नकुमारी*

प्रस्तावित रत्नकीर्ति बौद्ध विहार निर्माणार्थ बैशाख १५ गते अनाला पूर्णिकाको दिन पूज्य धम्मवती गुरूमांबाट शिलान्यास सम्पन्न भएको थियो ।

शिलान्यास कार्यक्रममा पूज्य धम्मवती गुरूमां लगायत चमेली गुरूमां, अनुपमा गुरूमां, जयवती गुरूमां,र वीर्यवती गुरूमांबाट परित्राण पाठ गर्नुभएको थियो ।

उक्त विहार निर्माणार्थ दाता रत्नकुमारी शाक्यको छोरा हीरारत्न शाक्य सपरिवारबाट भवनको डि.पि.सी सम्म निर्माण गरी पूर्व र दक्षिण कम्पाउण्डको पर्खाल समेत निर्माण गरिदिने कुरा घोषणा गर्नुभएको थियो । यसरी नै उक्त कार्यक्रममा पूर्व मन्त्री एवं मेयर श्री बुद्धिराज वज्राचार्यले उक्त विहार निर्माणार्थ चन्दा संकलन कार्यमा सक्दो सहयोग पुऱ्याउने वचन दिनुभएको थियो ।

अन्त्यमा विहारकी संरक्षिका जयवती गुरूमांले विहारको डि.पि.सी. भन्दा माथिल्लो भागको निर्माण कार्यको लागि आ-आफ्नो श्रद्धाअनुसार -सक्दो सहयोग गरिदिनु हुन अपिल गर्नुभएको थियो । सम्पर्कको लागि उहाँले फोन नं. पनि यसरी प्रस्तुत गर्नु भएको थियो– (१) ५५२०२७० (२) ९८४९०२६५९६ (३) ९८९१०५७३८०

## हनाज्या क्वचाल

*वंगु शनिवा २०६७/२/९*

पंचवीर सिंह सिरपा: त्याकादिपिं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया दुज:पिंत छगू ज्याझ्व: दथुइ हनेगु जुल । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसालय् पूज्य धम्मवती गुरूमांया निर्देशनय प्रफुल्ल कमल ताम्राकार या संयोजकत्वय् धर्मकीर्ति विहारय् उगु ज्याझ्व: क्वचा:गु ख: । पंचवीरसिंह सिरपा: त्याकादीपिं दुज:पिं छ्सिकथं थुकथं उल्लेख जुयाच्वंगु दु ।

बुद्ध सं. २५४३ - लोचन तारा तुलाधर
बुद्ध सं. २५४४ - रिमा तुलाधर
बुद्ध सं. २५४६ - राजा शाक्य
बुद्ध सं. २५४७ - विजय लक्ष्मी शाक्य
बुद्ध सं. २५४८ - डा. सुमन कमल तुलाधर
बुद्ध सं. २५४९ - उत्तम राज शिलाकार
बुद्ध सं. २५५१ - प्रेम लक्ष्मी तुलाधर

वयक:पिंन्त पूज्य अश्वघोष महास्थविरं खाडा गा व भगवान्या मूर्ति ल:ल्हाना विज्यात । ज्याझ्व:लय् पूज्य अश्वघोष महास्थविर, दाता पंचवीरसिंह तुलाधर, लोचनतारा व रीना तुलाधर थ:थगु नुग: खँ प्वंका दीगु ख: ।

## श्रीलंका भ्रमण क्वचाल

*प्रस्तुती- केशावती गुरूमां*

विं.सं. २०६६ फागुणया २६ गते निसें चैत्र १८ गते तक धर्मकीर्ति विहारपाखें जिं निकोगु श्रीलंका भ्रमण टोली ब्वनायंकागु ख: । धम्मवती गुरूमांया अनुमतिकया: यंकागु थुगु टोली नीनिम्ह उपासकोपासिकापिं दु । जिमिसं भ्रमण यानागु थायया नां थुकथं दु– क्याण्डि दन्त धातु अनुराधपुर पोलोन्नरूवा नुबर, मातर मातले सिग्रीय, सिरिपाद, दाम्बुल, कलुतर, कलरगम, हातोन, गारडेन, किरिन्दा, सीताहरण यानागयंकूगु थाय, सीता मोल्हुईगु थाय् व नागदीप जफना इत्यादी । आ: नागदीप जफनाय् यक्कों शान्ति दत । न्हापा वनाबले अन तसकं ल्वापु व अशान्ति जुयाच्वंगु ख: । श्रीलंकाय् जिमित मा:गु दक्को व्यवस्था यानाबिज्या:पिं भन्ते धम्मपाल व भन्ते सुवर्ण ख: । अथेहे सुखवती गुरूमां सहित नेपा: यापिं मेपिं गुरूमांपिसं नं यक्को गुहाली यानाबिज्यात । उकें वसपोलपिन्त यक्को साधुवाद बियाच्वना । जिपिं सकलें जि ब्वना वयाथाय् समस्थ लंका दशशील माता मादिवेल विहारे च्वना । धम्मपाली गुरूमांन जिमित थ:गुहे छयें लो मंक च्वनेगुथाय् बिया: गुहालीयाना बिज्यात । वसपोल प्रति नं कृतज्ञता ज्ञापन यानाच्वना । मादिवेल विहारे यात्री पुच: फुक्क मिलेजुया: विहारया लागी स्वीद्वो (३०,०००) दां चन्दा बियावया ।

अथेहे उपासकोपासिकापिसं थ:गु श्रद्धानुसार विहार यात: मा:गु सामानतनं दान बियादिल ।

जिपिं सकलें नीनिन्हु (२२ दिन) श्रीलंकाय् न्हयइपुक चा:हिला वया । जि न्हेदंतक दु:ख सिया: ब्वनावयागु थासे जिमित मचांनिसे चुतुप्रत्यय पुरेयानात:पिं दातापिन्त चा:हिके दया: तसकं लय्ताल । थम्हं ब्वनावलेया दु:ख हे तं थें जुल ।



Downloaded from http://www.dhamma.digital

# भिंतुना ! भिंतुना !! भिंतुना !!!

## धर्मकीर्ति विहार संरक्षण कोषया सह-कोषाध्यक्ष
## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया संस्थापक सदस्य
## धर्मकीर्ति पत्रिकाय् "धम्मपद" च्वसुया नियमित च्वमि



**"मय्जु रीना तुलाधर (बनिया)"** 'परियत्ति सद्धम कोविद'

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानया प्राज्ञ सभाया सदस्य पदय् मनोनित जुया दिल । थुगु गरिमामय पदय् वय्कःया कार्यकाल सफल ज्वीक न्हयाय्मा धयागु मनं तुनाः भिंतुना द्यछाना च्वना ।

## धर्मकीर्ति विहार संरक्षण कोष

## धर्मकीर्ति ज्ञानमाला भजन – वार्षिक प्रतिवेदन

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

| क्र.सं. | मिति | ज्ञानमाला भजन प्रस्तुती |
|---|---|---|
| १. | २०६६ बैशाख देखि चैत्र सम्म | ज्ञानमाला भजन प्रस्तुत भएका स्थानहरू त्रिरत्नकीर्ति विहार, कीर्तिपुर २ पटक तुकं वहाल, एकता स्कुल तुन्छे गल्ली, जमोबहालमा ८ पटक, ओकुवहाल पाटन सतुंगल, धम्मवती गुरूमांको ७५ वर्षिय जन्मदिनको उपलक्षमा धर्मकीर्ति विहारमा ७ पटक, निर्वाण मूर्ति किण्डोल विहार, राजबहादुर कुंवर, लाजिम्पात, बुद्ध रत्न महर्जन टेकु २ पटक, हःखा पाटन, दानमाया प्रजाप्रती ठँहिटी, कमला गुरूमाँ पञ्चकीर्ति विहार २ पटक धर्मकीर्ति (विहार रत्नमञ्जरी गुरूमाँ पूण्यतिथी), जुजुभाई शाक्य ठमेल, एकलाल राजकर्णिकार ताहाचल, श्रीघः विहार, चन्द्रमान डंगोल, पाटन, धमकीर्ति विहारको जम्मोत्सव, चमेली गुरूमां ५० औं प्रव्रज्या दिन, लुम्बिनी बेम्बो रिसोर्ट होटल, हरीमान रञ्जित छाउनी, धर्मकीर्ति बसुन्धरा, विहार २ पटक, रत्न विपस्सना विहार, धर्म महर्जन ताहाचल कूल जम्मा ४२ पटक ज्ञानमाला भजन प्रस्तुत । |
| २. | | *विभिन्न कार्यक्रममा सहभागी–*<br>– श्रीलंका स्वास्थ्य तथा वातावरण मन्त्री र राजदूत स्वागत<br>– दशरथ रङ्गशालामा सहभागी<br>– एकमहिने फोटो ग्राफी तालिम लिइएको<br>– धर्मकीर्ति अडियो भिजुयल र ध.बौ.ज्ञा.भ.को तर्फबाट बैठक भेन्यु त्रिपुरेश्वरमा खोलिएको विशाखा मेलामा CD स्टल खोलेको ।<br>– रा.ज्ञा.स.मा सहभागी<br>– धम्मवती गुरुमांको ७५ वर्षिय जन्मोत्सवको उपलक्ष्यमा धर्मकीर्ति भजनमाला सि.डी. प्रकाशन । |

Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

## धम्मवती गुरुमां सप्ताहव्यापी चीन भ्रमणमा



*चीन भ्रमणको क्रममा परित्राण पाठ गर्नुहुँदै धम्मवती गुरुमां र धम्मदिन्ना गुरुमां*

I E G Nepal का अध्यक्ष अमृत रत्न शाक्यको विशेष निमन्त्रणामा धर्मकीर्ति विहारकी अध्यक्ष धम्मवती गुरूमां धम्मदिन्ना गुरूमां र पञ्ञावती गुरूमां Shanghai Expo 2010 Nepal Pavilion मा भाग लिनको लागि मिति २०६७ जेठ १२ गते सांघाई चीन तर्फ प्रस्थान गर्नुभएको थियो। उक्त कार्यक्रमको अतिथीको रूपमा पाल्नु भएका गुरूमांहरूबाट उक्त कार्यक्रममा बुद्धपूजा र परित्राण पाठ गर्नुभएका थिए। Nepal Pavilion को कार्यक्रम पश्चात् अध्यक्ष अमृतरत्न शाक्यले गुरूमांहरूलाई Ling San Brahma Palace, Tian Tong Chanvihar, Xiayu Buddhist Temple `आदि विभिन्न स्थानहरूमा भ्रमण गराउनु भएको थियो। एक हप्ते चीन भ्रमण कार्यक्रम सम्पन्न गर्नुभई उहाँहरू जेठ १९ गते काठमाडौं फर्कनु भएका थिए।




*सङ्घाई एक्स्पोमा नेपाल झल्कने मठ-मन्दिरहरू*

## धर्मकीर्ति स्वास्थ कमिटीको प्रतिवेदन
### २०६६ श्रावण १ निसें २०६६ फागुन मसान्त सम्म

**(१) आम्दानी–**

| | | |
|---|---|---|
| २०६६/५/९ रोयल मर्चेन्ट वैकिङ्ग/फाइनान्स | रु. | १५०००/– |
| २०६६/८/१६ रोयल मर्चेन्ट वैकिङ्ग/फाइनान्स | रु. | ८०००/– |
| २०६६/१२/०९ रोयल मर्चेन्ट वैकिङ्ग/फाइनान्स | रु. | ८५००/– |
| विरामी नाम दर्ताबाट | रु. | १८६०/– |
| पहिलाको बाँकी | रु. | १४०४/८८ |
| | **रु.** | **३४७६४/८८** |

**(२) खर्च–**

| | | |
|---|---|---|
| औषधि खरिद | रु. | ७७२९/– |
| कुमार भन्तेलाई | रु. | ९०००/– |
| धम्मावती गुरुमाँलाई | रु. | १००००/– |
| यातायात (डाक्टर) | रु. | ३४००/– |
| अश्वघोष भन्तेलाई | रु. | ४०००/– |
| बाँकी रोशनसँग | रु. | ३४१२९/– |
| | **रु.** | **६३५/८८** |

**(३) मुद्दती खाता–**

| | | |
|---|---|---|
| रोयल मर्चेन्ट वैकिङ्ग/फाइनान्स | रु. | ३००,०००/– |
| ०४४/०९५० | रु. | १००,०००/– |
| एक्सप्रेस सेभिङ्ग/क्रेडिटको परेको ३००,०००/– | | |
| ०६८७/०५७७ | रु. | १०७०००/– |
| | **रु.** | **८०७,०००/-** |

**(४) वचत खाता–**

| | | |
|---|---|---|
| रोयल मर्चेन्ट/वै/फा. (६१८) | रु. | १११,८८२/७४ |
| एक्प्रेस सेभिङ्ग क्रे. कोष (०१४४) | रु. | २०७९८४/४६ |

(५) ३६ क्लिनिक; २०० विरामी

(६) ह्विलचेयर (रोटरी न्यूरोड) कुमार भन्तेलाई

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं, नेपाल। फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं। फोन: ४२५९०३२, ४२५९४५०, फ्याक्स: (९७७-१) ४२५८६७८

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY




फोटो सौजन्य- अरुणसिद्धि तुलाधर, सरोज डंगोल

बुद्ध पूर्णिमाको उपलक्ष्यमा धर्मकीर्ति विहारमा रक्तदान गर्नुहुँदै रक्तदाताहरू

**वर्ष-२८; अङ्क-२** **बु.सं. २५५४, ज्याः पुन्हि**

Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी शनिवारिय कक्षा संचालन प्रतिवेदन

*२०६६ चैत्र १४ गते, शनिवार*

*प्रस्तुतकर्ता- श्यामलाल चित्रकार*

धर्मकीर्ति विहारमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापनाको एक प्रमुख उद्देश्य बुद्ध शिक्षा अध्ययन र अध्यापन गर्नु हो । सो उद्देश्य हासिल गर्न अन्य विविध क्रियाकलापहरूको साथ साथै हरेक शनिवार विहान ८.३० वजे भिक्षु, भिक्षुणीहरू र बौद्ध विद्वानहरूबाट प्रवचन तथा छलफल कार्यक्रम स्थापना काल देखि अटूट रूपमा संचालन हुँदै आएको छ । २०६५ साल चैत्र ८ देखि २०६६ साल चैत्र ७ सम्मको ५३ वटा शनिवारहरू मध्ये ११ वटा शनिवारहरू चाडपर्व र अन्य कार्यक्रमहरू भएकोमा वाँकी ४२ वटा शनिवारहरूमा निम्न भिक्षु, भिक्षुणी र बौद्ध विद्वानहरूले कक्षा लिनु भएका थिए ।

| क्र सं. | नाम | कक्षा संख्या |
|---|---|---|
| १. | श्रद्धेय अश्वघोष भन्ते | ९ |
| २. | श्रद्धेय उपतिस्स भन्ते | १ |
| ३. | दो गुणवती गुरुमां र तीखावती गुरुमां | १ |
| | अनुवाद दानवती गुरूमां | |
| ४. | श्रद्धेय इन्दावती गुरूमां | १ |
| ५. | श्रद्धेय कुसुम गुरूमां | १ |
| ६. | श्रद्धेय अग्गञाणी गुरूमां | १ |
| ७. | श्रद्धेय केशावती गुरूमां | १ |
| ८. | श्रद्धेय पूण्यवती गुरूमां | १ |
| ९. | उपासिका मानलिङ्का (बर्मी विद्वान) अनुवाद त्यागवती गुरूमा | १ |
| १०. | श्री मदन रत्न मानन्धर | ११ |
| ११. | डा. कबिन्द्र वज्राचार्य | ३ |
| १२. | डा. नरेशमान वज्राचार्य | २ |
| १३. | श्री मीन वहादुर शाक्य | २ |
| १४. | श्री फणिन्द्र रत्न बज्राचार्य | २ |
| १५. | श्रीमती रीना तुलाधर | १ |
| १६. | श्री त्रिरत्न मानन्धर | १ |
| १७. | श्री श्यामलाल चित्रकार | १ |
| | **जम्मा** | ४२ |

## हस्तकला प्रदर्शनी

*२०६७ जेठ ८ गते, शनिवार ।*

*स्थान- धर्मकीर्ति विहार, श्रीघः नःघः ।*

२५५४ औं बुद्ध पूर्णिकाको उपलक्ष्यमा एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ३९ औं जन्मोत्सबको उपलक्ष्यमा यसदिन हस्तकला प्रदर्शनी संचालन गरिएको थियो ।

धर्मकीर्ति बौद्ध अध्धयन गोष्ठीको आयोजनामा संचालित उक्त कार्यक्रम ३९ वटा दीप प्रज्वलन गरी धम्मानुशासक भिक्षु अश्वघोष महास्थविरले उद्घाटन गर्नुभएको थियो ।

कार्यक्रममा भिक्षुणी धम्मवतीले धर्मकीर्ति अडियो भिज्युयल कमिटीबाट निर्माण गरिएको भिक्षु अश्वघोष वृत्तचित्र सिडी विमोचन गर्नुभएको थियो । उक्त वृत्त चित्रको सम्पादक र निर्देशक भिक्षुणी पञ्ञावती हुनुहुन्छ भने लेखिका उद्घोषिका र सह निर्देशिका रीना तुलाधर हुनुहुन्छ ।

उक्त प्रदर्शनीमा हस्तकला ज्वेलरी, फ्रेस पेन्ट, फूड स्टल र अध्ययन गोष्ठीमा विभिन्न गतिविधिहरू पनि समावेश गरिएको थियो ।

## सूचना !



**पूज्य धम्मवती गुरूमांको ७६ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा पूज्य भिक्षु महासंघबाट साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना गर्नुहुने कार्यक्रम रहेको छ । उक्त कार्यक्रममा भाग लिनु भई पूण्य सञ्चय गर्न हुन धर्मप्रेमी महानुभावहरूलाई निमन्त्रणा गरिएको छ ।**

### धर्मकीर्ति विहार परिवार

समय - विहान ७ बजे देखि ९ बजे सम्म

मिति - वि.सं. २०६७ साल श्रावण (५-१२) सम्म

स्थान - धर्मकीर्ति विहार धम्महल श्रीघः नःघः ।

Downloaded from http://www.dhamma.digital